# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धुलिखेल नगरपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धुलिखेल नगरपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. १९४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,

धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

धुलिखेल, काभ्रेपलाञ्चोक ।

१. **कैफियत सहितको राय** - हामीले धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ६६ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त भएको छैन । बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १६ लाख १४ हजार, नियमित गर्नुपर्ने रु.८३ लाख ३४ हजार र पेश्की बाँकी रु.५४ लाख ८० हजार समेत रु.२ करोड ६६ लाख ८७ हजार रहेको छ । धुलिखेल नगरपालिकाको गतवर्ष सम्म रु.२२ करोड ५९ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड २६ लाख ६६ हजार रहेको छ । **धुलिखेल नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी धुलिखेल नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

# धुलिखेल नगरपालिका,

काभ्रेपलाञ्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ४६ | २६६८८ | ० | ० | ० | ५९ | ४६ | २६६८८ | १२६० | ८३३४ | ११६१४ | ० | ० | १९९४७ | ५४८१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रे | २२५९७८ | ० | ० | २२५९७८ | ० | २६६८८ | २५२६६६ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । कुल क्षेत्रफल ५५ वर्ग किलोमिटर रहेको यस पालिकाको १२ वडा, ६२ सभा सदस्य तथा ३२ हजार १६२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।४ देखि २०८०।९।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय, प्राप्ती र भुक्तानीको स्थिति अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** सामाजिक सुरक्षातर्फ निष्क्रिय खाताको रु.५२,४७,५२४।५७ र विभिन्न कार्यक्रमको बढी भुक्तानी भएको रु.४,२५०।- गरी रु.५२,४९,९७४।५७ असुल भई दाखिला भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ आर्थिक स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

**(विस्तृत विवरण अनुसूची-३ मा संलग्न छ ।)**

### ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको पाइयो । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**क) वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरीएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्नेमा पालिकाले सामाजिक सुरक्षातर्फको रु.१४,१०,०१,९७६।-, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमतर्फ रु.५,५०,४२,३४५।- SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन। जसले गर्दा SuTRA बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

**ख) फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१६,०६,४४,८२९.७५ मौज्दात रहेकोमा यो वर्ष रु.२१,१७,४५,४३६।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५,११,००,६०६।२५ बढी जिम्मेवारी सारेको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

### ४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम २०७९ असार २९ गते फिर्ता गरेको पाइयो । खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा रु.५६४९५९५६।४४ र प्रदेश सञ्चित कोषमा रु.८६८४७८०।७६ गरी जम्मा रु.६५१८०७३७।२० फिर्ता गरेको पाइयो ।

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुखले २०७९।३।१० गते रु.१ अर्ब ६ करोड १ लाख ५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । तोकिएको अवधि भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रादन गर्नु पर्ने देखिन्छ । साथै कार्यालयले आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ६ खर्च विश्लेषण

पालिकाले गत वर्षको जिम्मेवारीबाट रु.२१,१७,४५,४३६।- यसवर्ष कुल आन्तिरक आयबाट रु. ६८९२८०३९.८२, राजस्व बाँडफाँड रु. १४८४०४२३८.१५, अनुदानबाट रु. ५२२३२८९८७.८ र अन्य प्रासीवाट रु. २३९५२६९५.७१ समेत रु. ९७५३५९३९८.२३ आम्दानी भएकोमा चालु तर्फ रु. ५१७३९८५५९.३३ र पूंजीगत तर्फ रु. ३५३५२७४००.०५ समेत रु. ८७०९२५९५९.३८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१३१४२०००।- खर्च भएको छ जुन आन्तरिक आयको १९.०६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.०४ प्रतिशत चालु र ३६.२४ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ७ आन्तरिक आय र खर्चको अनुपात

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा आन्तरिक आय र खर्चको अनुपात स्थिति देहाय बमोजिम छः-

| आर्थिक वर्ष | जम्मा आन्तरिक आय रु. | पालिकाको जम्मा खर्च रु. | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| २०७९/०८० | ४०५७०६९२.५७ | ८३०९४५७८१.८१ | ४.८८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको सम्बन्धमा यकिन गर्न सम्ने अवस्था देखिँदैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन ।
- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन ।
- स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा केही योजना हस्तान्तरण गरेको पाइएन भने सहितको

सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरीक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बधमा यकिन गर्न सकिएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।
- पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरीसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थिति मूल्याङ्कन गर्न सक्ने स्थिति नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्वन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको नगरेको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नगरेको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्वन्धीत समितिमा पेस गरेको नदेखिएको,

- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मीटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैंले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नरहेको,
- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन कमजोर रहेको,
- अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ९ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ३६००७३३२ | ४००००० | १६३४२४०८ | ७३८८७१ | १८५२६०५३ | १३९०२७०९ |
| २ | प्रदेशपूँजीगत | ४३४८८५७२ | - | १८०५१६७ | ३६२१७२४ | ३८०६१६८१ | २४४५६८५१ |
| ३ | नगरपालिका पूँजीगत | २७४०३१४९६ | २७८१७२५९ | ५३९६४२५६ | ७४४१८२४१ | ११७८३१७४० | ७०९७७०७० |
| | कूलखर्च | ३५३५२७४०० | २८२१७२५९ | ७२१११८३१ | ७८७७८८३६ | १७४४१९४७४ | १०९३३६६३० |
| | **खर्च प्रतिशत** | **६४.३४** | **५.१३** | **१३.१२** | **१४.३३** | **३१.७४** | **१९.०९** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको १९.०९ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३१.७४ प्रतिशत खर्च भएको देखिन्छ । यसरी चौथो त्रैमासिक र असार महिनामा अधिक खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढ महिनामा आएर खर्चको चाप परेको देखिन्छ । जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## १० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चको प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ९४१०९८२५ | ६३३०८६३५ | ६७.२७ |
| सामाजिक विकास | ३९०५५५००० | ३५८०३१०४६ | ९१.६७ |
| पूर्वाधार विकास | ४०९७४८००० | २६१९४८५७७ | ६३.९३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २६६६५५०० | १६७६८६१८ | ६२.८९ |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ९१.६७ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा न्यूनमा ६२.८९ प्रतिशत खर्च भएको पाइयो ।

## ११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १२ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १३ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको पाइएन । ऐनमा

व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्वन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट विनियोजन**

आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको पाइयो ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| १३५००००००० | ६३२२८४००० | ४६.८३ | ७१७७१६००० | ५३.१७ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. १३५०००००००।- बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ६३२२८४०००।- (४६.८३ प्रतिशत) र पूँजीगत तर्फ रु.७१७७१६०००।- (५३.१७ प्रतिशत) बजेट विनियोजन भएको छ ।

१६ **बजेट तथा चालु खर्च**

पालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छः-

| क्र.स. | आर्थिक वर्ष | स्वीकृत बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६३२२८४००० | ४६७६८२३८१ | ७३.९६ |

पालिकाले यस वर्ष चालु तर्फ रु. ६३२२८४०००।-विनियोजन गरेकोमा रु. ४६७६८२३८१।-खर्च गरेको पाइयो जुन ७३.९६ प्रतिशत हुन आउँछ ।

१७ **बजेट तथा पूँजीगत खर्च**

पालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छः-

| क्र.स. | आर्थिक वर्ष | स्वीकृत बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ७१७७१६००० | ३५३५२७४०० | ४९.२५ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. ७१७७१६०००।- विनियोजन गरेकोमा रु. ३५३५२७४००।-खर्च गरेको पाइयो जुन ४९.२५ प्रतिशत मात्र हुन आउँछ ।

## १८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्वन्धीत अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरीबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको पाइयो र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १२८ | ६०७०११५.३५ |
| २ | रु.१ लाखदेखि रु.३ लाख सम्मको योजना | २१८ | ४०२८४८८५.०० |
| ३ | रु.३ लाखदेखि माथि रु.५ लाख सम्मका योजना | ७९ | ३४७६१३१३.२१ |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | ४० | ३२७७२४००.०० |
| ५ | रु.१० लाखदेखि माथि रु.२५ लाख सम्मका योजना | ३९ | ६३२९१९२६.०० |
| ६ | रु.२५ लाखभन्दा माथिका योजना | ३५ | २७३७१५१००.०० |
| | **जम्माः** | **५३९** | **४५०८९५७३९.५६** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको पाइयो । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## १९ ठेक्का बन्दोबस्त

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ३ | ६२१४५०१७.०५ | - | - | - | - | ३ | ६२१४५०१७.०५ | २ | २५००८८९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सिलबन्दी दरभाउपत्रबाट** | ९ | १५३०५२९८.२२ | | | | | | १५३०५२९८.२२ | | |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकालले विभिन्न कार्यको लागि रू.७ करोड ७४लाख ५० हजार लागतको १२ ठेक्का बन्दोबस्त गरेकोमा उक्त ठेक्काहरु तेस्रो चौमासिकमा मात्र लगाएको पाइएकोले नियममा व्यवस्था भए अनुसार समयावधि भित्रै ठेक्का व्यवस्थापन हुनुपर्दछ ।

## २० निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम रु. | संख्या | रकम रु. |
| ४०३ | ९ | १५३०५२९८.२२ | ३९४ | १५०१३०००० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ४०३ योजना मध्ये ठेक्का मार्फत ९ वटा योजनामा ठेक्का मार्फत रु.१५३०५२९८.२२ खर्च गरेको पाइयो भने उपभोक्ता समिति मार्फत सञ्चालित ३९४ योजनामा रु. १५०१३००००।- खर्च गरेको पाइयो । अर्थात ४०३ योजनामा भएको खर्च मध्ये ९.२५ प्रतिशत ठेक्का प्रक्रिया र ९०.७५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## २१ दरबन्दी तथा पदपूर्ति

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | सेवाग्राहीको संख्या | स्वास्थ्यकर्मीको दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|
| अस्पताल | ० | ० | ० | ० | ० |
| प्रा.स्वा.के. | १ | ० | १२ | ११ | १ स्टाफ नर्श |
| स्वास्थ्य चौकी | ६ | ० | ३७ | ३७ | ० |
| आधारभुत स्वास्थ्य संस्था | ८ | ० | २४ | १८ | ६ |
| **जम्मा** | **१५** | **०** | **६७** | **६०** | **७** |

उक्त विवरण अनुसार पालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र, १८ आधारभुत/सामुदायिक स्वास्थ्य केन्द्र कुल ६७ दरबन्दी रहेकोमा हाल ६० पद मात्र पूर्ति भएको र ७ रिक्त भएको देखिन्छ । स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुरुप पदपूर्ति नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ।

## २२ दरबन्दी तथा पदपूर्ति

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था निम्नानुसार रहेको पाइयोः-

| क्र. सं | स्वीकृत पद | तह | संख्या | पदपूर्ती | | | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | अस्थायी/करार | ज्यालादारी | | |
| १ | उपसचिव | रा.प.द्वितीय | १ | १ | ० | ० | ० | |
| २ | अधिकृत | अधिकृतस्तरनवौं/दशौं | १ | ० | ० | ० | १ | |
| ३ | अधिकृत | अधिकृतस्तरआठौं | १ | १ | ० | ० | ० | |
| ४ | वरिष्ठप्रशासन अधिकृत | अधिकृतस्तरआठौं | १ | १ | ० | ० | ० | |
| ५ | वरिष्ठलेखा अधिकृत | अधिकृतस्तरआठौं | १ | १ | ० | ० | ० | |
| ६ | लेखाअधिकृत | अधिकृतस्तरसातौं | १ | १ | ० | ० | ० | |
| ७ | सिभिलईन्जिनियर | अधिकृतस्तरसातौं | १ | १ | ० | ० | ० | |
| ८ | जनस्वास्थ्यअधिकृत | अधिकृतस्तरसातौं | १ | १ | ० | ० | ० | |
| ९ | आयुर्वेदअधिकृत | अधिकृतस्तरसातौं | १ | १ | ० | ० | ० | |
| १० | अधिकृत | अधिकृतस्तरछैठौं | ३ | २ | १ | ० | ० | |
| ११ | लेखाअधिकृत | अधिकृतस्तरछैठौं | १ | १ | ० | ० | ० | |
| १२ | सुचनाप्रविधि अधिकृत | अधिकृतस्तरछैठौं | १ | ० | १ | ० | ० | |
| १३ | रोजगारसंयोजक | अधिकृतस्तरछैठौं | १ | ० | १ | ० | ० | |
| १४ | हे.अ./सि.अ.हे.व. | अधिकृतस्तरछैठौं | १ | १ | ० | ० | ० | |
| १५ | प.हे.न. | अधिकृतस्तरछैठौं | १ | १ | ० | ० | ० | |
| १६ | आयुर्वेदअधिकृत | अधिकृतस्तरछैठौं | १ | १ | ० | ० | ० | |
| १७ | कृषि विकासअधिकृत | अधिकृतस्तरछैठौं | १ | १ | ० | ० | ० | |
| १८ | पशु विकासअधिकृत | अधिकृतस्तरछैठौं | २ | १ | १ | ० | ० | |
| १९ | सिभिलईन्जिनियर | अधिकृतस्तरछैठौं | ३ | ० | ३ | ० | ० | |
| २० | आर्किटेकईन्जिनियर | अधिकृतस्तरछैठौं | १ | ० | १ | ० | ० | |
| २१ | स.म.वि.नि./ना.सु./वरिष्ठसहायक/ क.अ. | सहायकस्तरपाँचौं | २१ | १९ | २ | ० | ० | प्रशासन तर्फ |
| २२ | लेखापाल | सहायकस्तरपाँचौं | १ | १ | ० | ० | ० | |
| २३ | कृषि विकाससहायक | सहायकस्तरपाँचौं | १ | १ | ० | ० | ० | |
| २४ | पशु विकाससहायक | सहायकस्तरपाँचौं | १ | १ | ० | ० | ० | |
| २५ | सव–ईन्जिनियिर | सहायकस्तरपाँचौं | ४ | २ | २ | ० | ० | |
| २६ | सर्वेक्षक | सहायकस्तरपाँचौं | १ | ० | १ | ० | ० | |
| २७ | प्रशासनसहायक/सा.प्र. | सहायकस्तरचौथो | ११ | १ | १० | ० | ० | |
| २८ | सह–लेखापाल | सहायकस्तरचौथो | १ | १ | ० | ० | ० | |
| २९ | अमिन | सहायकस्तरचौथो | २ | ० | २ | ० | ० | |
| ३० | कृषि विकास सहायक | सहायकस्तरचौथो | १ | ० | १ | ० | ० | |
| ३१ | ना.प.स्वा.प्रा. | सहायकस्तरचौथो | ६ | १ | ५ | ० | ० | |
| ३२ | अ.स.ई. | सहायकस्तरचौथो | ४ | १ | ३ | ० | ० | |
| ३३ | भारी सवारीचालक | १/२/३/४/५औं | १ | ० | १ | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | हलुकासवारी चालक | १/२/३/४/५औं | ७ | ३ | ४ | ० | ० | |
| ३५ | विजुलीसहायक | १/२/३/४/५औं | १ | ० | १ | ० | ० | |
| ३६ | कार्यालयसहयोगी | १/२/३/४/५औं | २८ | १० | १५ | ३ | ० | |
| ३७ | नगर प्रहरीजवान | १/२/३/४/५औं | ६ | ० | ६ | ० | ० | |
| ३८ | MIS Operator/उ.वि.स./रो.स./प्रा.स. | सहायकस्तरपाँचौं | ७ | ० | ७ | ० | ० | कार्याक्रम तर्फ |
| ३९ | फिल्डसहायक/उ.वि.स. | सहायकस्तरचौथो | २ | ० | २ | ० | ० | कार्याक्रम तर्फ |
| **जम्मा** | | | १३१ | ५७ | ७० | ३ | १ | |

उपर्युक्तानुसार १ पद रिक्त रहेको पाइयो । यसरी कार्यालयको लागि आवश्यक महत्त्वपूर्ण पदहरु रिक्त हुँदा सो सम्बन्धी सेवा प्रवाहमा असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

(क) **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७ **(ख)** अनुसार उपत्यका भित्रका कार्यरत निजामतीकितावखानाबाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने छ। साथै संघीय मामिला तथासामान्य प्रशासनको चलानी नं. १८०, मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका कर्मचारीहरुको जिल्ला स्थितकोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रतिवेदन पारित गर्नुपर्ने परिपत्र भएको छ। यस पालिकाबाट स्थायी र करारका कर्मचारीहरुको समेत गरी तलब रु.५८८३७१४३।९६ भुक्तानीभएको देखिन्छ। स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरे पश्चात मात्र तलबभुक्तानी गरिनुपर्दछ।

**(ख) पद रिक्तताको सूचना** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्वन्धीत स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १३१ जना रहेकोमा देहाय बमोजिम ५७ जना स्थायी, ७० जना करारमा कार्यरत रही १ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको पाइएन ।

## २३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको पाइयो । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २७ | १६ | ४३ | ७ | ३६ |

## २४ डि.पि.आरको कार्यान्वयन अवस्था

| क्र.स. | डि.पि.आर. भएको आर्थिक वर्ष | योजना वा कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०७९/०८० | वडा नं २,११ र १२ को खानेपानी परिक्षण र सुद्धिकरणको लागि आवश्यक डिजाइन कार्य | स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | ९,७१,१२२.०० | १३६६१००६.२४ लागत अनुमान |

उपर्युक्त विवरण अनुसार पालिकाले यस वर्ष खानेपानी लगायतका कार्यमा परामर्श विधिबाट १ वटा सेवा खरिदका लागि जम्मा रु.९७११२२।- को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.९७११२२।- भुक्तानी गरेको पाइयो । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## २५ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २१८७६६००० | २१८१६६००० | ४८६० | ४४८९० |

उपर्युक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४४८९०।- रहेको देखिन्छ ।

## २६ शैक्षिक गुणस्तर

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २५५ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | प्राप्त जि.पि.ए. | जम्मा परिक्षार्थी संख्या | उतिर्ण विद्यार्थीसंख्या | | उतिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१-४.०० | | ४२ | १ | | |
| २ | ३.२१-३.६० | | ८५ | १२ | | |
| ३ | २.२५-३.२० | | ३८ | ४७ | | |
| ४ | २.२५ भन्दाकम | | ८ | २९६ | | |
| | | ५२९ | १७३ | ३५६ | १०० | ९९.१५ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने ४३ विद्यार्थी मध्ये १ जना, ३.२१ - ३.६० जिपिए ल्याउने ९७ विद्यार्थी मध्ये १२ जना मात्र सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

## २७ संस्थागत विद्यालयको छात्रवृत्ति

संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सीमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै सो बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेबसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने, त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने लगायतको व्यवस्था छ । पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क.सं. | विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या | छात्रवृत्ति प्रदान गरेको संख्या |
|---|---|---|---|---|---|
| १ | संस्थागत विद्यालय | ११ | २७८७ | २७९ जना | ६७१ जना आसिक छात्रबृत्ति समेत |

अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

## २८ दलित छात्रवृत्ति कार्यक्रम

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं. ४.२ अन्तर्गतको दलित छात्रवृत्ति कक्षा १-८ (गैह्र आवाशिय) छात्रवृत्ति प्रति विद्यार्थी वार्षिक रू ४००/- उपलब्ध गराउने व्यवस्था उल्लेख छ। पालिकाले दलित छात्रवृत्ति प्रदान गर्दा निम्न अनुसार कैफियत देखिएको छ। आवश्यक प्रमाण बेगर भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| क सं. | विद्यालयको नाम | निकासा रकम | वितरण भएको रकम | बढि रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रीखण्डपुर मा.वि | ६१६००/- | ६०४००/- | १२००/- | वितरणको भर्पाइ नभएको |
| २ | हनुमान मा.वि | १२०००/- | ८०००/- | ४०००/- | वितरणको भर्पाइ नभएको |
| ३ | नवज्योती मा.वि | ६८००/- | २८००/- | ४०००/- | वितरणको भर्पाइ नभएको |
| ४ | हरिसिद्दि आ.वि | ८८००/- | ८४००/- | ४००/- | वितरणको भर्पाइ नभएको |
| ५ | सेतीदेवी मा.वि | ५००००/- | ३९६००/- | १०४००/- | कक्षा ९ लाई समेत वितरण भएको |
| ६ | विनायक बाल मा.वि | २३६००/- | ० | २३६००/- | वितरणको भर्पाइ नभएको |
| ७ | शान्तिपुर प्रा.वि | २८००/- | ० | २८००/- | वितरणको भर्पाइ नभएको |
| जम्मा | | | | ४६४००/- | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,४०० |

## २९ दिवा खाजा

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र

विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ। त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवँ उक्त निरीक्षण पुस्तिकामा सङ्घिय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ। पालिकाले देहायका किस्तामा भौतिक रुपमा विद्यार्थी उपस्थितिको विद्यालय व्यवस्थापन समितिको प्रमाणित हाजिरी विवरण बेगर विद्यालयको मागको आधारमा दिवा खाजा बापत रु. ६२४२०००/- निकासा दिएकोमा विद्यार्थीको हाजिरी एकीन नभएको तथा कार्यान्वयन पुस्तिकाले तोकेअनुसार प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गरी सोहो आधारमा मात्र वितरण हुनुपर्दछ ।

## ३० आवासीय छात्रवृत्ति

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. ७.२.१.१ को सि.नं ४.१ अनुसार अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय) प्रति विद्यार्थी वार्षिक रू. ४०,०००/- विद्यालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा पालिकाले यसरी उपलब्ध गराएको अनुदान रकम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० ले व्यवस्था गरेको अनुसारका प्रावधानहरूको पालना गरी रकम उपलब्ध गरे नगराएको यकिन गरेको देखिएन। अनुदानबाट लाभग्राहीले पाउनुपर्ने सेवा सुविधा प्राप्त गरी तोकिए अनुसार उपयोग भएको सुनिश्चितताका लागि नियमित अनुगमन मूल्याङ्कन हुनुपर्दछ।

## ३१ सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायत कार्यको लागि प्रति विद्यालय रू. १०,०००/- बजेट निकाशा भएकोमा निम्न विद्यालयबाट आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण हुँदाको मितिसम्ममा समेत पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री देवीस्थान मा.वि. | १०००० |
| २ | श्री विनायकवाल आ.वि. | १०००० |
| ३ | श्री धनकाली प्रा.वि. | १०००० |
| | **जम्मा** | **३००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

## ३२ सामाजिक सुरक्षा

आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.स. | पालिकाकोजनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राहीसंख्या | लाभग्राही प्रतिशत | सामाजिकसुरक्षा रकम |
|---|---|---|---|---|
| १ | ३६१८३ | ३६२१ | १० | १४१००१०३२ |

## ३३ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | चालुआ. व. | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | २ | ३ | ४ | ५ | ९ | ११ |
| १ | ठेकेदार | | | | | |
| २ | ०२/१६/२०८० | १९ | धुलिखेलबजार तथा धुलिखेल भट्टेडाँडा सडक कालोपत्रे | यूएण्ड एस कन्स्ट्रक्सन | ०. | २५००००० |
| ३ | ०३/०७/२०८० | २४ | धुलिखेलबजार तथा धुलिखेल भट्टेडाँडा सडक कालोपत्रे | यूएण्ड एस कन्स्ट्रक्सन | ० | ५०००००. |
| जम्मा | | | | | ०. | ३००००००. |
| २ | संस्थागत | | | | | |
| ७ | ०२/०४/२०८० | १८ | रविलिफ्ट सिंचाइ विद्युतीकरण धुलिखेल-२ | नेपालविधुत प्राधिकरण | ०. | २४८०८३० |
| **कुल जम्मा** | | | | | ० | **५४८०८३०** |

| | |
|---|---|
| पेश्की | ५४८०८३० |

## ३४ जिन्सी लिलाम तथा मिन्हा

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम (३) तथा (४) बमोजिमको जिन्सी मालसामानको मर्मत सम्भार, संरक्षण र लिलाम विक्री गर्ने गराउनुपर्ने व्यवस्था छ। पालिकाले नियमावलीले निर्दिष्ट गरेबमोजिमको कार्य गरेको देखिएन। सरकारी सम्पत्तिको संरक्षण तथा संबर्धन गर्ने कार्यमा संवेदनशील हुनुपर्ने देखिन्छ।

## ३५ PAMS मा नचढाएको

कार्यालयले खरिद गरेका सबै सामान तोकिए अनुसार PAMS मा अभिलेख जनाइ आवश्यकता अनुसार खर्च लेख्नुपर्दछ। पालिकाले पालिकाको केन्द्रबाट खरिद गरेका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरी जिन्सी अद्यावधिक गरेतापनि वडाहरुवाट भएको खरिदको दाखिलाहरु PAMS मा नचढाएको कारण पालिकाभरीको सम्पुर्ण

सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्बन्धमा एकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) वडाहरुवाट खरिद भएको सामानको हकमा लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। वडावाट खरिद भएका वस्तु तथा सेवा समेत चढाउने गरी यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

## ३६ तीज विशेष कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७४ को दफा २४ (३) मा कुनैपनि कार्यको भुक्तानी गर्नुपर्दा विनियोजन बजेटको सीमा भित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले १५ दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्नेछ। पालिकाले तिज विशेष कार्यक्रम अन्तर्गत भवानी कुमारी मिश्रलाई भुक्तानी दिदा खाजा खर्च बापत ७७४ जना सहभागीको लागि दर रु. २४० ले रु. २,०९,९०८ गो.भौ.नं. ११७।०७९।६।१२ भुक्तानी दिएको देखिन्छ। पेश भएको कागजात अध्ययन परीक्षण गर्दा सहभागी संख्या ३७२ जना देखिन्छ। निजसँगको छलफल र प्राप्त फोटो भिडियो समेत हेर्दा सहभागीहरुको संख्या ठूलो रहेको र सोही कारणले सहभागीको संख्या अभिलेख गर्न कठिनाई भएको जानकारी हुन आएको छ। पर्याप्त पूर्वतयारी र अभिलेखका लागि कर्मचारीको व्यवस्थापन गरी अभिलेख राख्नुपर्नेमा सो नराखी खर्च गर्नु उचित देखिएन। आगामी दिनमा यस्ता किसिमका कार्यक्रम गर्दा सो पक्ष सुधार गर्नुपर्छ।

## ३७ महंगी भत्ता

महंगी भत्ता नेपाल सरकार मन्त्रिपरीषद्को मिति २०७४।१।१९ को निर्णयानुसार सबै निकायका कार्यरत करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको प. सं. कानुन।१८।२०७३।४७ च.नं.२११ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले मंहगी भत्ता पाउने उल्लेख गरेको पाईदैन। पालिकाले करारतर्फका १७ जना कर्मचारीलाई मासिक रु.२०००।- का दरले रु.४०८०००।- भुक्तानी गरेको छ। परिपत्र विपरित महंगी भत्ता नियमसम्मत नभएको।

| | |
|---|---|
| अनियमित भएको | ४,०८,००० |

## ३८ स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण

स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ४ अनुसार जिल्ला समन्वय समितिका प्रमुख र महानगरका प्रमुखको हकमा नेपाल सरकार र यस अतिरिक्तका स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण मनोनयनको अधिकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा रहेको छ। त्यस्तै स्थानीय तहका कर्मचारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ४ अनुसार राजपत्रांकित द्वितीय श्रेणी र सो भन्दा तलका कर्मचारीको वैदेशिक भ्रमण मनोनयन गर्ने अधिकारी सामान्य प्रशासन सचिवमा हुन्छ। यस पालिकाका पदाधिकारी र कर्मचारीबाट जम्मा ७ वटा बैदेशिक भ्रमण गरेको पाईन्छ। जस्मा निम्न ६ वटा वैदेशिक भ्रमण मन्त्रालयबाट स्वीकृत भएको देखिदैन।

धुलिखेल नगरपालिकाका पदाधिकारीहरुको बैदेशिक भ्रमण विवरण (आ.व. ०७९/०८०)

| कार्यक्रमको विवरण | कार्यक्रम मिति | कार्यक्रम संचालन हुने स्थान | भ्रमण गर्ने पदाधिकारी | कार्यपालिका को निर्णय | संघीय मामिला तथा सामान्य प्रशासन मन्वात्तवबाट मनोनयन स्वीकृती | आयोजक |
|---|---|---|---|---|---|---|
| Asia Pacific Ministerial Conference on Disaster Risk Reduction २०२२ | मिति २०७१ असोज ३-६ September १९-२२.२०२२ | Brisbane, Australia | अशोक कुमार ब्यान्जु श्रेष्ठ (नगर प्रमुख) | मितिः २०७९/०५/०८ | मनोनयन स्वीकृतिका लागि पत्राचार गरिएको | Australia, United Nations |
| Sixth South and South-West Asia Forum on the Sustainable Development Goals: | मिति २०७९ मंसिर १९-२१ December ५-७, २०२२ | Islamabad, Pakistan | सुरेन्द्र थापामगर (प्रमुख प्रशासकीय अधिकृत। | मितिः २०७९/०८/१६ (अनुमोदन) | सहमतिका लागि पत्राचार गरिएको | United Nations Economic and Social Commission for Asia and the Pacific |
| Making Cities Resilience (MCR २०३०) | २०८० बैशाख २५-२८ गते May ८-११, २०२३ | Bangkok, Thailand | सुरेन्द्र थापामगर (प्रमुख प्रशासकीय अधिकृत।<br>भोज कुमार ठकुरी (शिक्षा शाखा प्रमुख)<br>धन बहादुर बस्नेत (लेखा अधिकृत)<br>रोशन ताम्रकार (सिभिल इन्जिनियर) | मितिः २०७९।१२।२८ | मनोनयन स्वीकृतिका लागि पत्राचार गरिएको | United Nations Office for Disaster Risk Reduction (UNDRR) Asian Institute of Technology (ATT) |
| International Forum "REBUS २०२३: the economics of construction in the Historical Center", Eurasia Cities and Global | मिति २०८० जेठ १०-१३ गते May २४-२७,२०२३ | Kazan City, Russia | अशोक कुमार ब्यान्जु श्रेष्ठ (नगर प्रमुख) | मितिः २०७९।२८ | मनोनयन स्वीकृतिका लागि पत्राचार गरिएको | Kazan City Council, Municipality of Kazan, Russia |
| २१" Century Maritime Cooperation Committee Council Meeting Marine Economy and Dual Carbon Strategy Forum | मिति २०८० जेठ १९ गते June २, २०२३ | Fuzhou, China | अशोक कुमार ब्यान्जु श्रेष्ठ (नगर प्रमुख) | मितिः २०७९।२८ | मनोनयन स्वीकृतिका लागि पत्राचार गरिएको | Chinese People's Association for Friendship with Foreign Counties (CPAFFC) Fuzhou Municipal People's Government |
| Visit for Livestock farming cooperation between Dhulikhel Municipality and Hokkaido, Japan | मिति २०८० असार २५-३० गते July १०-१५, २०२३ | Hokkaido, Japan | अशोक कुमार ब्यान्जु श्रेष्ठ (नगर प्रमुख) | मितिः २०८०।२।३२ | | Rhinokino Japan |

## ३९ जात्रा तथा पर्व खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निमार्ण तथा दिर्घकालिन पूजिँ निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। साथै उक्त ऐनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था गरेको देखिंदैन । तर यस पालिकाले परम्परागत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापनमा विभिन्न मिति र भौचरबाट रु. १४,७६,९७५। भुक्तानी भएको देखिन्छ। पालिकाले पूर्वाधार निमार्ण तथा दिर्घकालिन पूजीँ निर्माण हुने क्षेत्रमा केन्द्रीत भई वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय प्रणालीबाट सञ्चालन गर्नका लागि सूचना प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनूरुप भए नभएको निर्धारण गरी सूचना प्रविधि विभागबाट स्वीकृत लिनुपर्दछ। यस पालिकाले Addon Engineering Solution Pvt. Ltd. बाट अनलाइन भवन निर्माण स्वीकृत/ नक्सा पास प्रणाली व्यवस्थापन योजनाको सफ्टवेयर खरिद गरी मिति गो. भौ. नं. ३१०।२०७९।१०।१३ बाट रु. ४,९५,८१०। खर्च लेखेकोमा उक्त सफ्टवेयर सूचना प्रविधि विभागबाट स्वीकृत भएको पाईएन। यस्ता सफ्टवेयर स्वीकृति लिन सञ्चालनमा ल्याउनुपर्दछ।

| | |
|---|---|
| अनियमित | ४,९५,८१० |

४१ **क्रमागत योजनाको कार्यान्वयन**

पालिकाले प्रदेश समपूरक अनुदान सहितको बजेटको व्यवस्था गरी क्रमागत रुपमा प्रत्येक वर्ष एकै योजनाहरु सञ्चालन गर्दै आएको देखिन्छ । यसरी प्रत्येक वर्ष बजेट विनियोजन गरी Road Upgrading को कार्य गर्ने गरीएकोमा कतिपय कार्य आईटमहरु प्रत्येक वर्ष हुँदै आएकोले कार्यमा दोहोरोपना हुन सक्ने देखिएको छ । अतः पालिकाले सुदृढ आन्तरिक नियन्त्रण प्रणाली बनाई निर्माण कार्यको गुणस्तर र खर्चमा पारदर्शिता सुनिश्चत गर्नुपर्दछ ।

४२ **अधुरो ठेक्काको म्याद थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरीकारबाही गर्न सकिने र खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपुर्ति असुल सहित म्याद थप गरी सम्झौता अनुसारको कार्य सम्पन्न गराउनुपर्ने व्यवस्था छ । त्यसै गरी सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) बमोजिमको उचित र मनासिव कारणबाट सम्झौताको अवधि नबढाई नहुने भएको अवस्था भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिमको अवधि भित्र कार्यालयको आवश्यक निर्णय लिन पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा कार्यालयले समयमा आवश्यक निर्णय गर्नु पर्नेमा गरेको देखिएन । अधुरो रहेको देहायको योजनाको म्याद कार्यपालिकाको मिति २०७९/३/१८ र २०७९/९/२८ को निर्णयबाट २०७९ साल पुष मसान्तसम्म थप गरेकोमा कार्यसम्पादन जमानत र पेश्की सम्बन्धी जमानतको म्याद समेत सोही आधारमा थप गर्नुपर्नेमा सो बेगर म्याद थप गरेको हुँदा नियमानुसारको अवधि रहेको कार्यसम्पादन जमानतको प्रमाण पेश गर्नुपर्ने रु.

| क.सं. | ठेक्का नं. | योजनाको नाम | सम्झौता रकम | निर्माण व्यवसायीको नाम | थप भएको अवधि | पेश्की जमानत | कार्यसम्पादन जमानत | कार्यसम्पादन जमानतको थप गर्नुपर्ने अवधी |
|---|---|---|---|---|---|---|---|---|
| १ | DMO/NCB/WORKS/०७७/७८-०९ | धुलिखेल संग्राहलय | ९३६७४४३ | आदर्श निर्माण सेवा | २०७९।९।३० | पे.फ | १७००००० | २०८०।१०।३० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,००,००० |

## ४३ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम रु.१० लाखभन्दा बढी र रु.२० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ बमोजिम सोभन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मेशिन औजार, फर्निचर तथा अन्य मालसामान पटक पटक गरी सोझै खरिद गर्ने गरेको पाइयो। कार्यलयलाई वर्षभरि आवश्यक पर्ने त्यस्ता मालसामानको परिमाण निर्धारण गरी प्याकेज बनाएर प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएको साथै आर्थिक वर्षभरिमा एउटा फर्मबाट एक पटक मात्र खरिद गर्न सकिनेमा एक पटकभन्दा बढी समेत गरेको पाइयो । अतः यससम्बन्धमा सुधार गरी खरिद कारोबार गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम गर्नुपर्दछ । उस्तै प्रकारका मालसामान प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट गर्नुपर्नेमा विभिन्न मितिमा तथा एउटा फर्मबाट एक पटक भन्दा बढी समेत सोझै खरिद गरेको नियमसम्मत देखिएन । यसका केही उदाहरण देहायबमोजिम छन्-

| भौ.नं. | विवरण | फर्मको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ४४२-२०७९।११।४ | विभिन्न फर्निचर खरिद | सुगम फर्निचर इण्डष्ट्रिज | ९४०१३१ |
| ४६५-२०७९।११।१४ | विभिन्न फर्निचर खरिद | च्यानल मेडिया एण्ड सप्लायर्स प्रा.लि | २३७३०० |
| ९२१-२०८०।३।१४ | विभिन्न फर्निचर खरिद | हिमालयन फर्निचर सेन्टर | १८४९१८ |
| १०६१-२०८०।३।२४ | विभिन्न फर्निचर खरिद | सुगम फर्निचर इण्डष्ट्रिज | १४८५६६ |
| | **जम्मा** | | **१५१०९१५** |

## ४४ नन्फाइलर

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्वन्धीत कर अधिकृत समक्ष पेश गर्नु पर्ने उल्लेख छ । यस सम्वन्धमा अर्थ मन्त्रालयको चलानी नं ३२७, मिति २०७७।०८।०९ को पत्रले आयकर तथा मूल्य अभिवृद्धि कर दुवैतर्फ विवरण नवुझाएकालाई विवरण पेश गर्न वाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको पाइयो । जसअनुसार तोकिएको समयमा कर विवरण दाखिला गर्नुपर्नेमा देहायका निर्माण व्यवसायीले समयमा विवरण दाखिला गरेको नदेखिएकोमा समेत भुक्तानी भएको देखिन्छ । यसरी निर्माण व्यवसायीलाई भुक्तानी गरेको मु.अ.करको विवरण बुझाएको नदेखिएकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ. | फर्म/ आपूर्ति कर्ताको संलग्न बिल | प्याननं. | जारी गरेको बिजक नं. | भुक्तानी/ बिजक रकम | मु.अ. कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| ६८-२०७९।६।१२ | M/S World Wide Sushan JV | ६१७६९४०८३ | ००१ | ५१९०५३३ | ५८४०११ | ०७९।M।६ |
| ५०५-२०७९।११।२५ | M/S World Wide Sushan JV | ६१७६९४०८३ | ००४ | ३९५१५९७ | ४४८८१० | ०७९।M।६ |
| १०२३-२०८०।३।२३ | M/S World Wide Sushan JV | ६१७६९४०८३ | ००७ | ८८६४६२० | १०१९८२३ | ०७९।M।६ |
| ५०४-२०७९।११।२५ | M/S World Wide Sushan JV | ६१७६९४०८३ | ००५ | ५७५७९४२ | ६६२४१८ | ०७९।M।६ |
| ६९-२०७९।६।१२ | कृष्ण एण्ड दृष्टि विल्डर्स प्रा.लि | ६०३३२७६९८ | ००५ | २९७५७१४ | ३४१६३६ | २०८०।M।१ |
| २९१-२०७९।९।१७ | सोवर्ण भण्डारी जे भी | ६१७३२४४६९ | ०२ | २३६०५२९९ | २७०९९३३ | Income Tax Non-filer |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६६-२०७९।७।२४ | सोवर्ण भण्डारी जे भी | ६१७३२४४६९ | ०१ | १०७५७७१९ | १२३७६१३ | Income Tax Non-filer |
| ४१-२०८०।२।२३ | सोवर्ण भण्डारी जे भी | ६१७३२४४६९ | ०३ | ७०४६३७६ | ८१०६४५ | Income Tax Non-filer |
| | **जम्मा** | | | ६८१४९८०० | ७८१४८८९ | |
| | | | | | प्रमाण पेश नगरेको | ७८,१४,८८९ |

## ४५ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र यसरी गरीने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.५९९३८६२५।- को १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्कानं. | योजना/कार्यक्रम | निर्माणव्यसायी कोनाम | सम्झौतारकम | सम्झौता मिति | पटकपटकम्यादथप | कैफियत |
|---|---|---|---|---|---|---|
| २३-२०७७।७८ | देविस्थान पार्क निर्माण | सोवर्ण-भण्डारी जे.भी. | ५९९३८६२५ | २०७८।८।१५ | ४ पटक | पर्यटन मन्त्रालयसंगको साझेदारी |

## ४६ न्युन प्रगति भएका योजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा त्रैमासिक लक्ष्य निर्धारण गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा नियम ३५ मा अनुसूचि २ अनुसारको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले अनुसूची २ अनुसारको प्रगति विवरण तयार गरेको छैन। तर SuTRA वाट देखिएको विवरण अनुसार देहायका योजनामा अन्यन्त न्युन प्रगति भएको देखिन्छ। लक्ष्य अनुसार कार्यसम्पन्न गरी समयमै प्रगति विवरण तयार गर्नुपर्दछ।

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| धुलिखेल बजार तथा धुलिखेल भट्टेडाँडा सडक कालोपत्रे | १,४९,९१,०००.०० | १०,९१,०००.०० | ७.२८ |
| विभिन्न साझेदारी संस्थाको लागि म्याचिङ्ग फण्ड | ५०,००,०००.०० | ३,६१,४३६.०० | ७.२३ |
| देवीस्थान पार्क पर्यटन मन्त्रालयको साझेदारीमा | २,००,००,०००.०० | ८४,८३,४२२.०० | ४२.४२ |
| निर्मित भवनको संरचनात्मक सुधार खर्च | १०,००,०००.०० | १,३८,२७३.०० | १३.८३ |
| ६०/४० अन्तरगतका योजना | ८०,४७,७०८.०० | ९,४९,६३५.०० | ११.८ |
| सुरक्षित खानेपानी कार्यक्रम तथा खानेपानी सुद्धिकरण पूर्वाधारनिर्माण | २२,५०,०००.०० | १०,७४,९१४.०० | ४७.७७ |
| बतासे खानेपानी योजना | २४,००,०००.०० | ६,०९,२५९.०० | २५.३९ |
| एकीकृत खानेपानी योजना | १,००,००,०००.०० | ५१,६९,६०८.२० | ५१.७ |
| पुरानो खानेपानी र कुवा पधेरा मर्मत | २२,५०,०००.०० | ८,०९,६९८.०० | ३५.९९ |
| धुलिखेल देवीटार सडक (दोश्रो प्याकेज) | ९५,६३,४००.०० | ५७,३५,८९७.०० | ५९.९८ |
| विभिन्न योजना तथा कार्यक्रमको बाँकी | ४०,००,०००.०० | २०,१९,६९७.०० | ५०.४९ |

| | | | |
|---|---|---|---|
| धुलिखेल संग्रालय | २०,००,०००.०० | ४,९८,३५२.०० | २४.९२ |
| धुलिखेल रवी देवीटार सडक (रवी खण्ड) | २६,२५,०००.०० | ५,७९,३७९.०० | २२.०७ |
| फस्कोट सडक मर्मत | ३,५०,०००.०० | १,५०,०००.०० | ४२.८६ |

## ४७ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण, सडक स्तारोन्नती, खानेपानी योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४ प्रतिशत देखि ३० प्रतिशत सम्म न्यूनमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्ने प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत न्यूनमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही उदाहरण देहाय अनुसार छः

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | लागत अनुमान | सम्झौता रकम | न्यून प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय कम्पाउण्ड र ढुंगा छाप्ने कार्य | ०१/NCB/WORKS/DHUMUN/०७९-८० | कामना कन्स्ट्रक्सन एण्ड मल्टिपल इन्टरप्राइजेज | २९६६४४५/४८ | २१९३६९०/४७ | २४.०९ |
| २ | धुलिखेल बजार भट्टेडाँडा सडक | ०२/NCB/WORKS/DHUMUN/०७९-८० | यु एण्ड एस कन्स्ट्रक्सन | ३३१६७४६४/९५ | २८७६०३७१/६३ | १२.५७ |
| ३ | डाँडागाउँ कल्छे सडक | ०३/NCB/WORKS/DHUMUN/०७९-८० | पि एस के वि आइ एस अल्फा हेक्स जे भि | ३२६२७४०७/० | ३११९०९५४/९५ | ३०.६९ |
| ४ | काभ्रे भञ्ज्याङ नमोबुद्ध सडक मर्मत | ०५/NCB/WORKS/DHUMUN/०७९-८० | रेग्मी निर्माण सेवा नमोबुद्ध | ११४८९८३२/९६ | ७९६३०७९/०५ | ४.४० |

## ४८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

## ४९ योजना कार्यान्वयन नभएको

नगरसभाबाट पारित भई बजेट व्यवस्था भएका योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा निम्नलिखित १८ योजना कार्यान्वयन भएको देखिएन। योजना कार्यान्वयनमा रहेका समस्या पहिचान तथा समाधान गरी पारित योजना कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ।

| सिनं. | योजनाको नाम | स्वीकृत बजेट |
|---|---|---|
| १. | जिरेमलय फस्कोट सडक स्तरउन्नती | ७०,०००.०० |
| २. | २८ किलो चोक बाटोको नाली तथा ढल निर्माण | ५८,५००.०० |
| ३. | न्यौपानेगाउँ खानेपानी | ३,७५,०००.०० |
| ४. | शिखरकटेरी खानपानी योजना | १,८७,५००.०० |
| ५. | खावा कल्छे सडक निर्माण | ४७,७९,८००.०० |
| ६. | धुलिखेल बजार सडक कालोपत्रे | ७४,९५,४००.०० |
| ७. | बछलादेवी आधारभूत विद्यालय घेरावार | ५०,०००.०० |
| ८. | महाँकाल आधारभूत विद्यालय निर्माण साझेदारी | ३,७६,५००.०० |
| ९. | ट्वाइलेट नभएका ८०घरमा नगर वडा नागरिक साझेदारीमाट्वाइलेट निर्माण अनुदान | १६,००,०००.०० |
| १०. | नगरपालिका संघको भवन | १०,००,०००.०० |
| ११. | सरस्वती बजार काभ्रे भञ्याङ सडक र होराइजन होटलआचार्य गाउँ सडक कालोपत्रे मर्मत | १३,७५,०००.०० |
| १२. | गैहटोल वाटो मर्मत सुधार | १,९५,०००.०० |
| १३. | अरनिको हाइवे हुँदै समावेशी टोल जाने बाटो स्तरोन्नति | १,८७,५००.०० |
| १४. | खर्क माझाडी सडक मर्मत | १,००,०००.०० |
| १५. | भट्टेडाँडा सिटाघारी पानी टयाङ्की सडक स्तरोन्नती | १,००,०००.०० |
| १६. | लम्सालडाँडाको कुलो मर्मत | ५०,०००.०० |
| १७. | वि पि राजमार्ग देखि गाँडारुम्टा कृषि सडक | १,००,०००.०० |
| १८. | वडा भरीका कच्ची कृषि सडक सरसफाई | १,००,०००.०० |
| | **जम्मा** | **१८२००२००.००** |

## ५० प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले कामको यथार्थता सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क समेत उल्लेख गरेको पाइएन । निर्माण कार्यको नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ५१ चेनेज तथा लोकेशन

सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक कालोपत्रे, ढलान (रिजिड पेभमेण्ट), स्टोन सोलिङ्ग, नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा चेनेज खुलाउने गरेको पाइएन । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## ५२ बीमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरीने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले खावा कल्छे सडक निर्माण (ठेक्का नं ०१-२०७८।७९) को निर्माण व्यवसायी यु एण्ड एस कन्स्ट्रक्सन संग रु. ८८९०३०९।— मा सम्झौता गरी कार्य गराउँदा नियमानुसारको बीमा गराएको पाइएन । यसरी बीमा नगराई नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्नेतर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

## ५३ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्वन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्वन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको पाइयो । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अवधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०५-०७८।७९ धुलिखेल देवीटार सडक | २०७८।१०।५ | ३४७५३८१६ | २०७९।३।१५ | १८००६७५१ | २०८०।३।१५ | १०० |
| ०६-०७८।७९ धुलिखेल नयाँवस्ती सडक | २०७८।१०।५ | २२६६२००२ | २०७९।३।१५ | १३१८६००४ | २०८०।३।१५ | १०० |
| १५-०७८।७९ धुलिखेल नयाँवस्ती सडक (दोस्रो प्याकेज) | २०७९।३।१६ | ६४३४४४९ | २०७९।७।१५ | ४६४२५५० | २०८०।३।१५ | १०० |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका १५ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ३ ठेक्का रहेको छ । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरीएपनि कार्य सम्पन्न हुन सकेको छैन । २०८०।३।१५ पछि उक्त ठेक्काको म्याद समाप्त भएपनि हालसम्म कुनै कारवाही समेत भएको पाइएन । तसर्थ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क मा खरिद संझौताको अवधि समाप्त भएकोअवस्थामा म्याद थपको लागि निवेदन परी कुनै निर्णय नभएको हकमा यस नियम प्रारम्भ भएको मितिले २१ दिन भित्र म्याद थपको लागि निवेदन दिनुपर्ने र निवेदन प्राप्त भएको मितिले ३० दिनभित्र म्याद थप गरीसक्नुपर्ने उल्लेख छ। उपर्युक्त ठेक्काको लेखापरीक्षण अविधसम्म म्याद थप भएको नपाइएकोले निज निर्माण व्यावसायीलाई संझौता रकमको १० प्रतिशतमा नवढने गरी पूर्वनिर्धारित क्षतिपुर्ति लगाई कार्य सम्पन्नगर्नुपर्ने वा खरिद संझौताको अन्त्य गर्नुपर्ने देखिन्छ।

## ५४ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको कार्यको वास्तविक कार्यमूल्यांकनको आधारमा दिनुपर्ने भन्दा बढी भुक्तानी दिएकोमा भेरिएशन स्वीकृत भएको समेत नपाइएकोले बढी भुक्तानी भएको रु.३४४२५६।- असुल हुनुपर्ने रु

| भौ.नं./ ठेक्का नं. | कार्यक्रम/योजनाको नाम | भुक्तानी लिने फर्म/उपभोक्ता समिति | सम्झौता/मूल्यांकन रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १२-२०७६।७७ | धुलिखेल संग्राहलय | आदर्श निर्माण सेवा | ९८०१२५० | १०१२२६०० | ३२१३५० |
| ७६-२०७९।६।१३ | वडा नं ३ अरनिको हाइवे ढल मर्मत | शिवदेव कन्स्ट्रक्सन प्रा.लि. | ८६२८१२ | ८८५७१८ | २२९०६ |
| **जम्मा** | | | | | **३४४४८८** |
| | | | | असुल गर्नुपर्ने | ३,४४,२५६ |

## ५५ ढुङ्गाको उपयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिका भित्र संचालित Roadway Widening, Upgrading संग सम्बन्धित योजनाहरुको कार्य आईटम अन्तर्गत Soft Soli, Soft Rock, Medium Roc, Hard Rock का कार्यहरु सहित Gabion Work, Stone Masonry, Dry Stone Soiling लगायतका आईटमहरुमा समेत गरेको नापि किताब तथा मुल्याङ्कन बिलवाट देखिन्छ । यसरी एउटै निर्माण कार्य अन्तर्गत रक कटिङबाट प्राप्त हुने ढुङ्गा तथा माटो अर्को कार्यको को Input Material को रुपमा प्रयोग हुन सक्ने देखिन्छ। यस सम्बन्धमा सडक विभागको नर्म्सको Section-९०० अन्तर्गत Hard/Medium Rock को काम भएको अवस्थामा ५० प्रतिशतसम्म उक्त ढुङ्गा प्रयोगमा ल्याउन सकिने गरी नर्म्स कायम गरे अनुसार पालिकाले समेत यसको अनुसरण गर्नु पर्दछ । यस योजना अन्तर्गतको Gabion Work, Stone Masonry, Dry stone Soiling को दर विश्लेषण र लागत मुल्याङ्कन गर्दा Material Cost बाहेक Labor Cost, Tools & Plant Cost र अन्य Construction Material को लागत मात्र समाबेश गरी लागत

कायम गर्नु पर्नेमा सो नगरी ढुङ्गाको समेत मुल्याङ्कन हुँदा बढी लागत मुल्याङ्कन भएको देखिन्छ । नमुना परीक्षण विधिबाट उल्लेखित प्रकृतिका देहायको योजनाहरुको नापी किताब र मूल्याङ्कन बिल परीक्षण गर्दा देहाय अनुसार बढी मुल्याङ्कन भएको रकम कार्यालयलाई व्ययभार परेको रु.

| योजनाको नाम | स्वीकृत BOQ अनुसार Hard Cuttingको परिमाण(घ.मि.) | ५० प्रतिशतले हुने परिमाण (If available Rock is used) | Stone Masonry, Dry stone Soiling | ढुङ्गाको प्रति घ.मि. मुल्याङ्कित दर | रकम |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी थुछेछे सडक स्तरोन्नती | १४७.५० | ७३.७५ | ३२.३३ | २१५० | ६९५१० |
| देविस्थान मन्दिर हुँदै स्कुल जाने सडक | ७५३ | ३७६.५ | ८६.९५ | २१५० | १८६९४२ |
| **जम्मा** | | | | | **२५६४५२** |
| | | | अनियमित भएको | | २,५६,४५२ |

## ५६ उपभोक्ता समिति परिचालन सम्बन्धमा

पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन्।

(क) उपभोक्ता समिति दर्ता - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(ख) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरीएका कुनै पनि योजना सम्वन्धीत समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

(ग) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धीत प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरीने उल्लेख छ । यस पालिका

अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धीत प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरीने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

(च) धरौटीको व्यवस्था - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाइएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ। (छ) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

### ५७ उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

## ५८ जनश्रमदान नदेखिएको

सार्वजनिक खरिद नियमावलीको नियम ९७(३) मा निर्माण कार्यको परिमाण, लागत अनुमान र सम्बन्धीत उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम वा श्रमदान समेत उल्लेख गरी उपभोक्ता समितिसँग खरिद सम्झौता गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले सडक स्तरोन्नति तथा सडक ट्र्याक विस्तार गर्ने प्रकृतिका कतिपय योजनाहरुमा सबै कार्य मेशिनबाट गरेको देखिन्छ । सबै कार्य मेशिनबाट गराउँदा जनश्रमदानको अंश नहुने, मेशिनमार्फत सबै काम हुँदा स्थानीय रोजगारी श्रृजना नहुने र यसरी गराएको काम सार्वजनिक खरिद ऐनको प्रतिकुल समेत हुने देखिन्छ। अतः स्थानीयलाई रोजगारी श्रृजना हुने र उपभोक्ताहरु आफैंले गर्न सक्ने काम मात्र उपभोक्ता समितिमार्फत् काम गराई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । स्थानीयको श्रमदान वा सहभागिता नदेखिएका योजनाका केही उदाहरण यस प्रकार छन् :

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम रु. | कुल मूल्याङकन रकम | मेशिन प्रयोगको मू.अ.कर बिल |
|---|---|---|---|---|---|
| २१८ | वडा नं२ शाखा सडक मर्मत उपभोक्ता समिति | Roadway Excavation in all type of soil & rock by Excavator Machine | १००६८६० | १२३९३७१ | १२४००२३ |
| ४३८ | खोका कुलो कँडेलपाखा जोड्ने सडक निर्माण उ स | ,, | ६७८६५३ | ८४५०६४ | ८२४७३० |
| ४५७ | स्याङतानटोल लाप्से पाखा च्यानेपाटि उ स | ,, | १६५०१७ | २१२८५२ | २१३०३० |
| ४९२ | चप्लेटी सिरानटोल हुँदै पधेरी वाटो उ स | ,, | ३८८००० | ४७७८०८ | ४७७९०० |

## ५९ अनुत्पादक क्षेत्रमा लगानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार छन्-

| भौचरनं. | योजनाकोनाम | रकम |
|---|---|---|
| ९५६-२०८०।३।१९ | डाँडागाउँ गुम्बा निर्माण वडा नं.२ | ५००००० |
| ९५३-२०८०।३।१८ | क्रियापुत्री घर निर्माण वडा नं.२ | ४००००० |
| विभिन्न | खेलकुद विकास राजन स्मृति फुटबल भलिबल वडा नं २ | ४९९९८९ |
| विभिन्न | म्याराथुन, भलिवल, फुटसल लगायतका प्रतियोगिता वडा नं ४ | २००००० |
| ३७८-२०७९।१०।१५ | छापगाउँ क्रियापुत्री स्थल सम्पन्नवडा नं ४ | ३००००० |
| ४६४-२०७९।११।१४ | भ्याण्डोल सामूदायिक भवन निर्माण वडा नं ४ | ४००००० |

| | | |
|---|---|---|
| १०५८-२०८०।३।२४ | ऐतिहासिक पुरातात्विक ना फल्चा पाटी पुर्ननिर्माण वडा नं ५ | ९००००० |
| ६२१-२०७९।१२।२७ | कोशेली घर निर्माण वडा नं ६ | २००००० |
| ९५१-२०८०।३।१८ | भिमसेन मन्दिर पोखरी न्हु ओपी पूनः निर्माण वडा नं ७ | २१६००० |
| २७०-२०७९।९।१२ | दलित भवन मर्मत वडा नं १० | २००००० |
| ४२७-२०७९।१०।२७ | तिलेश्वरी मन्दिर निर्माण वडा नं ११ | २००००० |
| ४५०-२०७९।११।८ | खेलकुद मर्मत वडा नं १२ | १४१६०३ |

अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

**६० काभ्रेभञ्ज्याङ अस्पताल निर्माण**

धुलिखेल नगरपालिकामा १५ शैय्याको अस्पताल निर्माण गर्न कार्यालयले आ.व.२०७७।७८ मा रु.२१,२३,५३,४९४।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.१२,९०,८८,७८३।- (३९.२१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी ड्रागन-कमलजित-शिवालय जे.भी.सँग २०८०।३।१४ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।१४ मा सम्झौता भई कार्य गराएकोमा समयवधि भित्रमा नै कार्यसम्पन्न भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

६०.१ मुल्य समायोजनः संझौताको जिसिसिको वुँदा नं ५३.७ मा मुल्य समायोजन भुक्तानीको सीमा वढीमा संझौताको १० प्रतिशत रहने उल्लेख छ । उक्त व्यवस्था अनुसार वढीमा १० प्रतिशतमात्र मुल्य समायोजन भुक्तानी गर्नुपर्नेमा पालिकाले पाँचौ तथा छैठौ रनिङविल भुक्तानी गर्दा १० प्रतिशत भन्दा वढीको फ्याक्टर प्रयोग गरी मुल्य समायोजन भुक्तानी गर्दा देहायअनुसार रु.३१६०६६७।- वढी भुक्तानी भएको छ। (उक्त सम्बन्धमा कार्यालय संग छलफल हुँदा अन्तिम विल सम्मको मुल्य समायोजनमा १० प्रतिशत भन्दा बढी भुक्तानी नभएको जनाएको छ । ) सो सम्बन्धमा अघिल्ला आर्थिक वर्षहरुमा र सम्पन्न हुँदा सम्मको मुल्य समायोजन खर्चको विवरण पेश हुनुपर्दछ । साथै उक्त मुल्य समायोजन गर्दा पेश्की कट्टा गरेर मात्र बाँकी विल रकममा हुन आउने मुल्य समायोजन फ्याक्टरवाट मुल्य समायोजन दिनुपर्नेमा सो भए नभएको सम्बन्धमा कार्यालयवाट नै एकिन गरी विवरण पेश हुनुपर्दछ ।

| वास्तविक काम | पालिकाले गणना गरेको पेश्की कट्टा गरेपछिको रकम | भुक्तानी दिएको फ्याक्टर | मुल्य समायोजन भुक्तानी रकम | पेश्की कट्टा पछिको रकम | भुक्तानी हुनुपर्ने फ्याटर | भुक्तानी हुनुपर्ने रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २५२१५६२४.५१ | २०१७२४९९.६१ | १.१६८ | ३३८८९७९.९३ | १६०१५६२४.५१ | १.१ | १६०१५६२.४५ | १७८७४१७.४७ |
| २६८५१९४९.१८ | २१४८१५५९.३४ | १.१७२ | ३६९४८२८.२१ | २६८५१९४९.१८ | १.१ | २६८५१९४.९१ | १००९६३३.२९ |
| जम्मा | | | | | | | २७९७०५०.७६ |
| मु.अ.कर | | | | | | | ३६३६१६.५९ |
| **जम्माः** | | | | | | | **३१६०६६७.३५** |

६०.२ भेरिएशनः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्बानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यन्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारि गर्न सक्ने व्यवस्था रहेको छ । साथै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरियसन जारी गर्दा प्राविधिक पुष्टयाई समेत पेश गर्नुपर्ने व्यवस्था छ । उपरोक्त निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री निर्माण व्यवसायी

ड्रागन-कमलजित-शिवालय जे.भी.सँग रु.१२,९०,८८,७८३।- मा सम्पन्न गर्ने गरी शुरु सम्झौता भएकोमा मिति २०७९।०१।०६ मा प्रथम पटकको भेरियशन आदेश जारी गरी सम्झौता अंकको १०.६५ प्रतिशतले हुन आउने रु.१,३५,९०,०८०।०६ (मु.अ.समेत) र मिति २०७९।०९।१८ मा दोस्रो पटकको भेरियशन आदेश जारी गरी शुरु सम्झौता अंकको २४.९७ प्रतिशतले हुन आउने रु.३,२२,४४,१६७।४२ (मु.अ.समेत) थप लागत कायम हुने गरी धुलिखेल नगरापालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १२७ को उपनियम १(ग) बमोजिम १५ प्रतिशत भन्दा बढीको भेरियसन आदेश कार्यपालिकाले गर्न सक्ने प्रावधानको आधारमा मिति २०७९ पौष २८ गतेको कार्यपालिकाको निर्णयवाट स्वीकृत भएको देखिन्छ । कार्यालयले शुरु लागत अनुमानको परिमाण भन्दा पछी काम गर्दा केही आईटमहरुमा थपघट हुन गएको आधार पेश गरी भेरियशन जारी गरेकोमा शुरु नापि तथा लागत तयार गर्दा नै पर्याप्त अध्ययन गरेर तयार गर्नुपर्ने देखिन्छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११८ (१च) मा सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशत देखि माथिको भेरिएशन सो निकायको सर्वोच्च कार्यकारी निकायले गर्न सक्ने प्रावधान रहेकोले उपरोक्त कार्य भेरिएशन शुरु सम्झौताको २४.९७ प्रतिशतले हुने रु.३,२२,४४,१६७।४२ (मु.अ.समेत) बढोत्तरी रहेको र उक्त भेरिएशन आदेश नगरपालिकाको नगरसभावाट स्वीकृत हुनुपर्ने वा कार्यपालिकावाट स्वीकृत हुने सोको स्पष्ट व्यवस्था गरी सोही बमोजिम हुनुपर्दछ ।

## ६१ सडक निर्माणको ट्याककोट कार्यमा बढी भुक्तानी

भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टयान्डर्ड स्पेशिफिकेशन, २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नयाँ सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका अन्तर्गत निर्माणव्यावसायी मार्फत सम्झौता भई निर्माण कार्य गराएकानयाँ सडककोकालोपत्रे गर्ने कार्यका लागि प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा प्राइम कोटमा लाग्ने जति नै ट्याक कोटमा खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट गरेको क्षेत्रमा ०.५० देखि ०.६० लि मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| ठेक्का नं | योजनाको नाम | निर्माण सेवा /उ स को नाम | प्राइम कोटको क्षेत्रफल | ट्याककोट दिएको (लिटर) ब मी | ट्याक कोट दिनु पर्ने (लिटर) | ट्याक कोट वढी लिएको (लिटर) | ट्याककोट को दर प्रति (लिटर) रु | मु अ कर समेत बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|---|
| ०७-०७८।७९ | सितल बस्ती तिनपिप्ले सडक निर्माण | राहुल कन्स्ट्रक्सन | ८४५८.५२ | ८४५८.५२ | ५०७१.११ | ३३८३.४१ | १४० | ५३५२५५ |
| १४-०७९।८० | देविटार सडक निर्माण | अमरज्योति कन्स्ट्रक्सन प्रा.लि | १७४९.२२ | १७४९.२२ | १०४९.५३ | ६९९.६९ | १४० | ११०६९० |
| | **जम्मा** | | | | | | | **६४५९४५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४५,९४५ |

## ६२ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले काभ्रे भञ्याङ छोटे डाँडा दारिमवोट सडक निर्माणका उपभोक्ता समितिसंग रु.५८२०२६९।९६ को लागत अनुमान तयार गरी सम्झौता गरेको पाइयो । उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा विमा बापत रु.२५०००।- र ल्याब टेष्ट बापत रु.३००००।- प्रोभिजन सम आइटममा राखी लागत अनुमान तयार गरेको देखिन्छ । उक्त निर्माण कार्यको नापी किताब, प्राविधिक विल र अन्य विल भरपाई परीक्षण गर्दा उपभोक्ता समितिले कार्यसम्पन्न पश्चात जारी गरेको विमाको विल पेश गरी भुक्तानी लिएको पाइयो । निर्माण कार्यमा कार्यरत कामदारहरुको जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य शुरु गर्नु पर्नेमा निर्माण सम्पन्न पश्चात जारी गरेको प्रमाणका आधारमा विमाको रकम दिन मिल्ने नदेखिएको रु.२५०००।- र ल्याब टेष्ट गरेको भनि रु.१९२८०।- को मात्र वीजक पेश गरेकोमा बढी खर्च लेखेको रु.१०७२०।- समेत जम्मा रु.३५७२०।- सम्बन्धितवाट असुल गरी दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,७२० |

## ६३ प्रमाण कागजात

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत चिसापानी खानेपानी योजनाको लागि प्रदेश पुंजिगततर्फ बजेट विनियोजन भएकोमा उक्त योजनाको लागि लागत अनुमान तयार गरेको पाइएन । यसरी लागत अनुमान नै तयार नभएको योजनाको लागि कार्यालयले देहाय बमोजिमका सामानहरु खरिद गरी मौज्दात राखेको पाइयो । कार्यालयवाट खरिद भएका उक्त सामानहरु उक्त योजनामा प्रयोग भएको देखिने प्राविधिक मुल्यांकन सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु

| भौ नं. र मिति | विवरण | खर्च रकम (मु.अ कर समेत) |
|---|---|---|
| २५-२०८०।३।२३ | २० एमएम देखि ९० एमएम सम्मा पि एन ६ को ६७१० मिटरका पाइप खरिद | ९९८७१५ |
| २६-२०८०।३।२३ | ७५ एम एमको ४३२ मिटर पाइप, पम्पसेट १ थान, कन्ट्रोल प्यानल वोर्ड १ थान र जडानका सामानहरु | ९९१३७३ |
| **जम्मा** | | **१९९००८८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९०,०८८ |

## ६४ उपयोगको अवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका कार्यालय र अन्तर्गतको वडा कार्यालयवाट देहाय बमोजिम विभिन्न विद्युतिय सामानहरु खरिद गरेकोमा उक्त सामाग्रीहरु कुन स्थानमा जडान वा प्रयोग भएको हो सो खुल्ने कुनै प्रमाण श्रेस्ता साथ संलग्न रहेको पाइन । साथै नगरपालिका कार्यालय र वडा कार्यालयवाट प्राविधिक मुल्यांकन सहित जडान वा प्रयोग भएको सिफारिस पत्रको आधारमा खर्च लेख्नु पर्नेमा सो भए गरेको नदेखिएकोले आर्थिक अनुशासन पालना भएको भन्न सकिने अवस्था समेत रहेन । तसर्थ कार्यालयले आर्थिक अनुशासन र मितव्ययिता कायम गरी उपयोग गरिएको स्थान वा कार्य स्पष्ट खुल्ने गरी काम गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सि.नं. | क्षेत्र | कार्यक्रमको नाम | खर्च |
|---|---|---|---|
| १ | धुलिखेलनगरपालिका | शाखाबाटोहरुमा सडक बत्ती | ५,००,०००.०० |
| २ | धुलिखेलनगरपालिकावडा नं.३ | सडक वत्ती | १,४९,९९३.०० |
| ३ | धुलिखेलनगरपालिकावडा नं.४ | सडक वत्तिमर्मत तथा विस्तार | २,९९,८५०.०० |
| ४ | धुलिखेलनगरपालिकावडा नं.५ | सडक बत्ति | ४,९९,००४.०० |
| ५ | धुलिखेलनगरपालिकावडा नं.६ | सडक वत्तीमर्मत सम्भार | १,१३,१९७.०० |
| ६ | धुलिखेलनगरपालिकावडा नं.७ | सडक बत्तिव्यवस्थापन | १,४९,७२९.०० |
| ७ | धुलिखेलनगरपालिकावडा नं.९ | वडा स्तरीयसडकबत्ती कार्यक्रम | २,९९,०५१.०० |
| ८ | धुलिखेलनगरपालिकावडा नं.१२ | सडक बत्तीमर्मत | १,७०,०००.०० |
| **जम्मा** | | | **२१,८०,८२४.००** |

## ६५ झोलुङ्गे पुलको स्टिल पाट्र्स खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूचिमा निर्माण कार्यमा बाहेक मालसामान, परामर्श सेवा वा अन्य सेवाको खरिद कार्यमा १५ प्रतिशत ओभरहेड पाउने व्यवस्था गरेको देखिदैन । पालिकाले देहायको झोलुङ्गे पुल निर्माण कार्य अन्तर्गत आवश्यक पर्ने Fabricated Steel Parts बोलपत्रको माध्ययमबाट खरिद गर्दा स्टिल पाट्र्सको लागत अनुमानमा १५ ओभरहेड समेत समाबेश गरेको पाइयो । झोलुङ्गे पुलको निर्माण तर्फको कार्य उपभोक्ता समितिबाट गर्ने गरी Goods को Item अन्तर्गत Steel Parts को खरिद गरिएको हुँदा ओभरहेड समाबेश गर्न मिल्ने देखिएन ।यसरी नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी वस्तु खरिदमा ओभरहेड वापत रकम भुक्तानी गर्ने गरी लागत अनुमान तयार गरेको रकम मनासिवनदेखिएको रु

| ठेक्का नं. | योजनाको नाम | स्टिल पार्टस खरिदको ल.ई. | स्वीकृत BOQ तथा लागत अनुमानमा समाबेश भएको ओभरहेड रकम | खरिद सम्झौता रकम रु. | आपूर्तक |
|---|---|---|---|---|---|
| DHUM/Goods/०७९-८०-०१ | छाँगे झरना पुल र दाहाल रुम्टि पुलको स्टील पार्ट खरिद | २३१३७५५ | २६७०७५ | २०८३२०७ | जुनकिरी इण्डष्ट्रिज प्रा.लि. |

| | |
|---|---|
| अनियमित भएको | २,६७,०७५ |

६६ **समपुरक अंश**

विनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा शशर्त, समपुरक तथा विशेष अनुदानको रकम सोही आर्थिक वर्ष खर्च नभए वचत रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र फिर्ता गर्नुपर्ने र नगरे आगामी वर्षमा हस्तान्तरण हुने वित्तीय समानिकरणको रकमवाट कट्टा गर्नुपर्ने उल्लेख छ। साथै वागमती प्रदेशको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को वुँदा नं ९ मा जुन आ.व.को लागि वजेट स्वीकृत भएको हो सोही आ.व. भित्र सम्पन्न गर्नुपर्ने र तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेमा स्थानीय तहले आफ्नै श्रोतवाट सम्पन्न गर्नुपर्ने उल्लेख गरेको छ भने बुँदा ४ मा समपुरक अनुदानवाट संचालित योजनामा प्रदेश सरकारले पचास प्रतिसत र पालिकाले पचास प्रतिसत खर्च व्यहोर्नुपर्ने उल्लेख छ । यस नगरपालिका कार्यालयले समपुरक अनुदान रकमवाट धुलिखेल बजार भट्टेडाँडा सडक निर्माण कार्यको लागि वोलपत्र मार्फत वोलपत्रदाता यु एण्ड एस कन्स्ट्रक्सनसंग रु.२८७६०३७१।— मा सम्झौता गरी कार्य गराएको छ । उक्त निर्माण व्यवसायीलाई यस आर्थिक वर्षमा पेश्की बापत रु.५००००००।- र प्रथम रनिङ्ग विल बापत रु.८७६२७१०।— गरी जम्मा रु.१३७६२७१०।— भुक्तानी दिएकोमा कार्यालयले व्यहोर्नुपर्ने अंश बापत रु.६८८१३५५।— प्रदेश समपुरक अनुदानवाट नै खर्च लेखेको पाइयो । जम्मा खर्च भएको रकमको ५०/५० प्रतिशतका दरले प्रदेश समपुरक र पालिकातर्फको बजेटवाट खर्च गर्नुपर्नेमा प्रदेश समपुरकोषको रकम बढी हुने गरी भएको खर्च नियमसम्मत नदेखिएको रु.

(कार्यालयको भनाई अनुसार योजना क्रमागत रहेको र यस आ.ब मा उक्त कार्यसम्पन्न नभएकोले बाँकी कार्य पालिका बजेटवाट नै सम्पन्न गर्नुपर्ने हुँदा सम्पन्न हुँदा सम्मको खर्चमा प्रदेश बजेटको अंश न्यून रहने भएकोले प्राप्त रकम खर्च भएको जनाएको छ ।)

| | |
|---|---|
| अनियमित भएको | ६८,८१,३५५ |

६७ **बीमा खर्च**

कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण कार्य गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम (३क) अनुसार नियम ९७ वा ९७क. बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैयाभन्दा बढी मुल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरी सो रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम (१) बमोजिम बीमा गराउनु पर्ने उल्लेख छ । यस नगरपालिकाले पकुचा दोभान पाँचखाल सडक निर्माण कार्यको लागि रु.५९७००५५।- लागत अनुमान तयार गरी सम्झौता गरेकोमा उक्त लागत अनुमानको पि एस आइटममा विमा बापत रु.२५०००।- समावेश गरेको पाइयो । उपभोक्ता समितिको निर्माण कार्यको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन अनुसार उक्त बीमा बापतको रकम दावी नगरेको भएतापनि अन्य आइटममा थप गरी लागत अनुमान बराबरकै कार्यसम्पन्न देखाई रकम भुक्तानी गरेको देखिन्छ । यसरी नियममा व्यवस्था भए अनुसार वीमा नगराई अन्य परिमाणको कार्य बढाई बीमा प्रयोजन बेगरमा भुक्तानी गरेकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २५,००० |

## ६८ अनुदानको उपयोग

बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस पालिका अन्तर्गतका विभिन्न कृषि तथा पशुपंक्षी कृषक समूह तथा फर्महरुलाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएकोमा सोको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरेको देखिएन । अतः अनुदान रकमबाट नागरीकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ । यो वर्ष कार्यालयले कृषि तथा पशुपालन क्षेत्रमा प्रवाह गरेको अनुदानमा केही उदाहरण देहाय अनुसार छन्-

| क्र.स. | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान % | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १. | पशुपालन कार्यक्रम अन्तर्गत च्यापकटर मेसिन खरिद | ९९७५०० | ५० | ७० |
| २. | पशुपालन कार्यक्रम अन्तर्गत मिनि टिलर मेसिन खरिद | २२९६०० | ५० | १४ |
| ३. | भैसिको पाडा वितरण | २००००० | १०० | ४ |
| ४. | बंगुर र बाख्राका पाठापाठी | ३४०००० | १०० | १० |

माथि उल्लिखित अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा आवधिक अनुगमन हुने गरेको देखिएन प्राप्तअनुदान रकमबाट कृषकहरुले कृषि तथा पशुधनको बीमा गराएको देखिएन ।बीमालाई अनिवार्य गराई अनुदानका क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ।

वितरित अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भयो सोको तथ्याङ्क लिई अनुदानलाई उत्पादकत्वसँग जोड्ने गरी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गरी पारदर्शी रुपमा प्राथमिकता तथा निश्चित मापदण्डका आधारमा दोहोरो नहुने गरी अनुदान दिने व्यवस्था हुनुपर्दछ। अनुदान रकम प्रवाह गरे कैआधारमा वितरित रकमको समुचित उपयोग भएको छ भनी विश्वस्त हुने अवस्था देखिँदैन। वितरित अनुदान रकमको स्पष्ट अभिलेख राखी कार्यसम्पादन तथा उपलब्धि स्थितिको नियमित अनुगमन र मूल्याङ्क नगर्ने व्यवस्था हुनुपर्दछ।

## ६९ लाभग्राही छनौट

लाभग्राही छनौट – कार्यालयले कुनै पनि अनुदानका कार्यक्रमहरु संचालन गर्दा अनिवार्य रुपमा प्रस्ताव आव्हानको लागि सार्वजनिक सूचना जारी गर्नुपर्ने र प्राप्त हुन आएका रीतपूर्वकको प्रस्ताव कार्यक्रमको आवश्यकता र औचित्य, समय र लागत, लाभान्वित संख्या, स्वीकृत कार्यक्रम र बजट, मितव्ययीता, पारदर्शीता र प्रतिस्पर्धा, दिगोपन, अनुदान रकम सम्बन्धित काममा सदुपयोग हुने स्पष्ट कार्य योजना आदिका आधारमा लाभग्राही छनौट गर्नुपर्नेमा कार्यालयले यस वर्ष विपन्न दलित समुदायहरुलाई विद्युतिय चुलो अन्तर्गत इन्डक्सन चुलो वितरण कार्यको लागि १७४ थानको रु.७९१३९५।- मा खरिद गरेकोमा उपरोक्त अनुसारको प्रकृया पुरा गरेको पाइएन । यसरी खरिद तथा वितरण

भएका इन्डक्सन चुलो वास्तविक लाभग्राहीले पाए वा नपाएको यकिन हुन सक्ने आधार भएन । तसर्थ यस्तो कार्य गर्दा कार्यालयले अनिवार्य सार्वजनिक रुपमा प्रस्ताव आव्हान गरी वास्तविक लाभग्राही छनौट गरेर मात्र वितरण कार्य गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्दछ ।

७० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।

७०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । भगवती मार्गवाट अघोरी मार्ग वाटो ग्रावेल उपभोक्ता समितिले सडक निर्माण गर्दा प्राविधिक मुल्यांकन वमोजीम जम्म ८०५।६३ के.जी. मात्र फलामको रड प्रयोग भएको देखिएकोमा उपभोक्ता समितिले कार्यालयमा पेश गरेको कर विजक वाट जम्मा १३३३ के.जी. रड प्रयोग भएको विल पेश गरेको देखिएकोले प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन भन्दा ५२७।३७ के.जी वडी को मु.अ.कर विजक पेश भएको देखिएकोले प्रति के.जी.१३३ ले नापी भएको भन्दा बढी परिमाणको भुक्तानी भएको रु.७०१४०।२१ असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,१४०.२१ |

७०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । तल्लो एक्लेखेत भज्यांग देखि डांडाकटेरी सडक मर्मत गर्न वडा स्तरीय योजना वडा नं १२ वाट रु. ४,०००००।०० विनियोजन भई उ.स.को सहभागीता नगद रु. ८०,०००।०० समेत कन्टेन्जेन्सी कट्टा गरि रु अन्तिम मुल्यांकन रु. ४,६६,७५५।०० भई सोही वमोजीम भुक्तानी भएकोमा उपभोक्ता समितिले डोजरवाट सडक मर्मत गर्ने कार्यको रु.६४,९६०।०० को मात्र मुल्यांकन भएकोमा उ.स.ले. पेश गरेको कर विजक वमोजाम डोजर प्रयोगको मु.अ.कर वाहेक रु १,०१,७६९।९१ को विल पेश गरेकोमा मुल्यांकन भन्दा वढीको कर विजक पेश गरि मु.अ.कर वढी भुक्तानी भएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७५७.७ |

७०.३ खावा ठुलिटार कल्छे सडक निर्माण गर्न ३०,८९,२९५ को लागत अनुमान तयारी भई न.पा.वाट रु २५,४६,२५०।०० र उपभोक्ता समितिवाट नगद रु ५,४३,०००।०० समेत रु ३०,८९,२५०।०० मा योजना संचालन गर्ने संझौता भई अन्तिम मुल्यांकन रु.३०,८८,७८५।०० भई भुक्तानी भएकोमा उक्ता योजनामा प्राविधिक मुल्यांकन वमोजीम Earthwork Excavation by using heavy equipment ४७५० m३ मु.अ.कर समेत रु ७४.२५ प्रति घन मिटरका दरले ३,५२,६४०।०० को मुल्यांकन भएकोमा उपभोक्ता समितिले डोजर प्रयोग गरेको मु.अ.कर विजक रु १,९७,७५०।०० को मात्र पेश गरेको र योजनाको सार्वजनिक परिक्षणमा समेत उक्त रकम वरावरको

डोजर प्रयोग भएको निणर्य भएको देखिएकोले मुल्यांकन भन्दा कम कर विजक पेश भएकोमा वढी मु.अ.कर भुक्तानी भएको देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८२० |

७०.४ नगर स्तरीय योजना अन्तर्गत नयांगाउं पांचखाल सडक निर्माण कार्यका लागी न.पा. वाट कन्टेन्जेन्सी वाहेक रु. २९,१०,०००।०० र उपभोक्ता समितिको नगद सहभागीता रु. ६,०००००।०० समेत रु ३५,१०,०००।०० मा कार्य गर्ने गरि संझौता भएकोमा उपभोक्ता समितिवाट भएको कार्यको अन्तिम मुल्यांकन रु. ३४,९२,२५९।०० भई रु. ३५,१०,०००।०० भुक्तानी भएकोमा अन्तिम मुल्यांकन भन्दा वढी रु. १७,७३१।०० भुक्तानी भएको र उक्त योजनाको लागत अनुमान र मुल्यांकनमा Insurance of labors Equipment, personal of contractors with in contract period P.S. रु २५,०००।०० को भएकोमा उक्त उपभोक्ता समितिवाट कार्य गर्दा कामदार र उपकरणको विमा भएको प्रमाण समेत संलग्न भएको नदेखिएकोले नभएको कार्यको समेत भुक्तानी भएको देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,७३१ |

७०.५ वानियाछाप देउराली हसेरा खानेपानी(क) निर्माणको लागी रु १३,८८,१४१।६४ को लागत अनुमान तयारी भई देउराली खानेपानी उपभोक्ता समिति र कार्यालय विच मिति २०७८।१०।२६ मा कार्यालयवाट रु ११,५५,५००।०० र उपभोक्ता समितिवाट नगदै रु २,३८,१४१।०० व्यहोर्ने गरि मिति २०७९।२।३० भित्र योजना सम्पन्न गर्ने गरि संझौता भएको उक्त उपभोक्ता समितिलाई मिति २०७८।१०।२७ मा रु. ३,०९,५९५, मिति २०७९।९।११ मा रु. १,८९,०२६।०० र २०८०।३।३ मा रु ५,४६,८६१ गरी जम्मा रु. १०,४५,४८२।०० निकासा भएकोमा उक्त योजनाको अन्तिम मुल्यांकन रु. १०,०९,१६६।०० भएको देखिएकोमा अन्तिम मुल्यांकन भन्दा वढी भुक्तानी भएको देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,३१६ |

## ७१ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।

७१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । वडा नं १२ शंखु फेदि एक्लेखेत जाने सडक मर्मत कार्य सोझै खरिद श्री आर.एस.श्रेष्ठ कन्स्ट्रक्सन (व्याकुलोडर प्रयोग गरि सडक निर्माण) ल.ई. रु ९४,७३०।२४ मुल्यांकन र कार्य सम्पन्न

प्रतिवेदन रु. ९४,७३०।२४ भएकोमा निर्माण व्यावसायी लाई विल वमोजीम रु. ९८,८७५।०० भुक्तानी भएकोले कार्य सम्पन्न प्रतिवेदन, मुल्यांकन भन्दा वढी भुक्तानी भएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१४४.७६ |

७१.२ धुलिखेल नयांवस्ती सडक निर्माण M/S worldwide Sushan J/V लाई सडक निर्माण वापत भुक्तानी भएको रकम मध्ये Lab test of gravel base bitumen content and core cutting all necessary test P.S वापत रु. १,०००००।०० मुल्यांकन भई सोही वमोजीम भुक्तानी भएकोमा निर्माण व्यावसायी वाट सो वापत रु ७६,००३।८० को मात्र मु.अ.कर विजक संलग्न भएकोले विल भन्दा वढी मुल्यांकन भई भुक्तानी भएको रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९९६.२ |

७१.३ धुलिखेल देविटार सडक निर्माण M/S worldwide Sushan J/V लाई सडक निर्माण वापत भुक्तानी भएको रकम मध्ये Lab test of gravel base bitumen core cutting all necessary test L.S वापत रु. ११,८६५।०० भुक्तानी भएकोमा सोको ल्याव टेष्ट रिपोर्ट र उक्त रकमको मु.अ.कर विजक संलग्न नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८६५ |

७१.४ नाईट्रोजन ढुवानी वापत प्रति पटक रु ५०००।०० मा ढुवानी गर्ने र मासिक २ पटक ढुवानी गर्ने गरि मासिक रु १०,०००।०० भाडा भुक्तानी गर्ने गरि सवारी चालक सुमन चौलागाई संग मिति २०७९।४।२९ मा संझौता भएकोमा कार्यालयवाट शंकर अक्सिजन ग्यांस प्रा.लि. वालाजु लाई ग्यांस उपलव्ध गराउने सम्वन्धी पत्र जम्मा ८(आठ) पटकमात्र उपलव्ध गराएको देखिएको र पशु प्रजनन कार्यालयको राजश्व खातामा तरल नाईट्रोजन वापत जम्म ८(आठ) पटक मात्र राजश्व तिरेको देखिएको । ढुवानी भाडा भुक्तानी गर्दा सम्वन्धीत पार्टीका नाममा भुक्तानी दिनु पर्नेमा नदिई शाखा प्रमुखले आफनै नाममा भुक्तानी लिएको देखिएको ।

## ७२ क्वारजाइज उत्खनन

खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौले पात्लेखेत मल्टिप्रपोज कम्पनी प्रा.लि लाई धुलिखेल न.पा. अन्तर्गत १ वर्ग किमी क्षेत्र भित्र २०७९/१०/९ दाखि २०८१/१०/८ सम्मकालागि क्वारजाइट खोजतलास कार्यको लागि अनुमति प्रदान गरेको देखिन्छ। अनुमति प्रदान गरेको क्षेत्रबाट प्रति टिपर/ट्रक, ढुङ्गा, गिटी, ग्राभेल र चिप्स संकलन गरे बापत रु ३०५०/- पालिकालाई बुझाउनु पर्ने व्यवस्था उल्लेख गरी ९७ थान रसिदवाट रु २९५८५०/- राजश्व प्राप्त गरी क्वारजाइट खोजतलासको अनुमति प्राप्त निकायले ढुंगा, गिटी, ग्राभेल र चिप्स बिक्रीको कार्य प्रतिस्पर्धा वेगर नै काम गर्न दिएको देखियो। खोजतलास गर्न अनुमति पाउनेले बिक्री कार्य गर्न पाउने स्पष्ट आधार नदेखिनुका साथै ३७ थान रसिदबाट अशुल भएको राजश्व ययार्थरूपमा अशुल भई दाखिला भएको सुनिश्चितताका लागि पालिकाबाट अनुगमन मूल्यांकन समेत भएको पाइएन। यस्ता कार्य गर्दा पालिकालाई प्रतिस्पर्धाको लाभ समेत प्राप्त हुने गरी काम गराउने व्यवस्था हुनुपर्दछ ।

७३ **मेड्पा कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७६ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता उत्पादनहरु परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागिहरुलाई बिक्रि गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्रि वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष गलैचा,अगरबत्ती, टपरी दुना बनाउने र तरकारी खेती लगायतका तालिम संचालन गरी रु.५०९०००।- खर्च गरेकोमा उत्पादित सामान वा वस्तुहरु स्टोर दाखिला गरि बिक्री वितरण गरेको देखिएन । तसर्थ पालिकाले तालिमवाट उत्पादित सामानहरु विभिन्न माध्यबाट बिक्री गर्ने तथा बिक्री नभएमा त्यसता उत्पादित सामानहरु पालिकाको स्टोरमा दाखिला गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

७४ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड ( वितरण तथा व्यवस्थापन ) कार्यविधि,२०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरि आवश्यक पर्ने सेनिटरी प्याड शिक्षाशाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्याङक सँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. २८७ र ३८९ बाट मिति २०८०/२/२३ र २०८०/३/२१ मा १२४९५ प्याकेट सेनिटरी प्याड खरिद गरी रु. १२,२७,३२२।- भुक्तानी गरी विद्यालयहरुलाई हस्तान्तरण गरेको देखिन्छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो। पालिकाले माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्क परिमाणको एकिन गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो अनुसार गरेको देखिएन। यसमा सुधार हुनु पर्दछ।

७५ **कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर निम्न आयोजनाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

| सि.नं | गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १ | २८७-२०८०/०२/२३ | केवलेश्वर मेडि सेल्स | ११४३५६० | १३१५६० | ३९४६८ |
| २ | ६९१-२०८०/१/११ | ड्राइभिङ स्कुल एण्ड भेहिकल सर्भिस प्राली | २२५००० | २४७३४.५२ | ७४२०.३५ |
| ३ | २७३-२०८०/२/१२ | न्यु हरिसिद्धी अफसेट प्रेस | १७७८३३ | २०४५८.७५ | ६१३७.६२ |
| | | **जम्मा** | | | **५३०२५.९७** |
| | | | | असुल गर्नुपर्ने | ५३,०२६ |

## ७६ लगत कट्टा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने, लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने, लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीयतहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ ।साथै दफा १५(२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ ।देहायका लाभग्राहीको खातामा लगत कट्टा भईसके पनि रु.५६००३३।- बढी रकम लाभग्राहीको खातामा पठाएको देखिन्छ ।

| क्र.सं. | वडा नं. | लक्षित समूह | परिचय नं. | नाम | नागरिकता नं. | लगत कट्टा लागु मिति | लगत कट्टा गरेको मिति | बढी भुक्तानी भएको महिना | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | अन्य जेष्ठ नागरिक भत्ता | १९९९०९०१ ००२३३ | सानु माया माकजु | १३२२/१५३१ | २०७९-०७-१ | २०८०-०५-२७ | ९ | ३६०००।... |
| २ | ८ | विधवा | २०२२०५१० ००२३२ | माया तामाङ | १४६२२७ | २०७९-०७-१ | २०८०-०२-०८ | ६ | १५९६०।... |
| ३ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | २००९०११५ ००४९२ | प्रेम लहरी नर्सिङ |  | २०७९-०७-१ | २०८०-०५-१९ | ९ | ३६०००।... |
| ४ | ७ | अन्य जेष्ठ नागरिक भत्ता | २००७०२०४ ००२०९ | अन्तर माया कोजु | ५४९७६।३४१ | २०७९-०७-१ | २०७९-१२-२० | ३ | १२०००।... |
| ५ | १ | अन्य जेष्ठ नागरिक भत्ता | २००१०१२४ ००१७८ | लालध्वज तामाङ | २२७६ | २०७९-०७-१ | २०७९-१०-२५ | ३ | १२०००।... |
| ६ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | १९९४१२३० ३४५०९ | जोग लाल सुवाल | १४०२४ | २०७९-७-१ | २०८०-०५-१७ | ९ | ३६०००।... |
| ७ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | १९९९१२३० ४१४५३ | राम प्रसाद टक्सारी | २५२११ | २०७९-११-१६ | २०८०-०५-१७ | ४.१४ | १७८६२।... |
| ८ | ९ | अन्य जेष्ठ नागरिक भत्ता | २००११२३० ४४५९२ | छत्र कुमारी ठकुरी | ६४५४ | २०७९-७-१ | २०७९-१२-२७ | ६ | २४०००।... |
| ९ | २ | विधवा | २०२००५१९ ०००८८ | ठुलीमाया तामाङ | ३०१०७२१७१ ७१५ | २०७९-७-१ | २०८०-०२-०२ | ६ | १५९६०।... |
| १० | २ | अन्य जेष्ठ नागरिक भत्ता | २००५०५२० ०३०७३ | राम प्रसाद हुमागाई | २८०६ | २०७९-०७-१ | २०७९-१२-१४ | ३ | १२०००।... |
| ११ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | २००६०८०४ ०३१११ | केशरी माया श्रेष्ठ | २०३७ | २०७९-७-१ | २०८०-०५-२७ | ९ | ३६०००।... |
| १२ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | १९८२१२३० ०५९५९ | इन्द्र माया खड्गी | १२४०३६७ | २०७९-०७-१ | २०८०-०५-१७ | ९ | ३६०००।... |
| १३ | ३ | अन्य जेष्ठ नागरिक भत्ता | १९९६१२३० ३६६३२ | कृष्ण माया बराइ श्रेष्ठ | ५४३३११५३८ | २०७९-०७-१ | २०८०-०५-१२ | ९ | ३६०००।... |
| १४ | ७ | अन्य जेष्ठ नागरिक भत्ता | २००११२३० ४५२९२ | लखन चन्द्र श्रेष्ठ | ९८६७४/३१३ | २०७९-०७-१ | २०८०-०५-०४ | ९ | ३६०००।... |
| १५ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | २००४०५२५ ००१०५ | हर्क बहादुर खड्का | ६९९०० | २०७९-०९-१९ | २०८०-०५-३१ | ६.११ | २५४६३।... |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | २ | अन्य जेष्ठ नागरिक भत्ता | २००६०४०५ ००१८८ | सुकुरानी तामाङ | १३००७२२२२ | २०७९-१०-०१ | २०८०-०१-३१ | २ | ८०००।... |
| १७ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | १९९८०११५ ००६८७ | श्री प्रसाद श्रेष्ठ | १०१७०८०।९ ०५४ | २०७९-०७-१ | २०८०-०५-२१ | ९ | ३६०००।... |
| १८ | ११ | अन्य जेष्ठ नागरिक भत्ता | २०१०१२३० १४८९३ | सान्त कुमारी कमिनी | १०२०—०४६ | २०७९-१०-०३ | २०८०-०४-२४ | ५.२७ | २३५९१।... |
| १९ | ९ | अन्य जेष्ठ नागरिक भत्ता | २००७१०२१ ००७९२ | केदार नाथ ढुंगाना | ७०३८३ | २०८०-०१-२१ | २०८०-०४-२४ | २.९ | ९१९७।... |
| २० | ९ | अन्य जेष्ठ नागरिक भत्ता | २००६०७२२ ०००५३ | हरि बहादुर सार्की | ४९०३१ | २०७९-०७-१ | २०८०-०२-०८ | ६ | २४०००।... |
| २१ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | २००४१२३० २१०७३ | कृष्ण हरि खाछे | | २०७९-०७-१ | २०८०-०५-१७ | ९ | ३६००० |
| २२ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | २००६०२२७ ०००५३ | पद्मा माया श्रेष्ठ | २४७९ | २०७९-०७-१ | २०८०-०५-१९ | ९ | ३६००० |
| | | | | | | | | | **५६००३३** |

उपरोक्त बमोजिम सामाजिक सुरक्षा कार्यक्रमवाट मृत्यु भैसकेको लाभग्राहीको खातामा लगत कट्टा भईसके पनि रु.५६००३३।- भुक्तानी भएको देखिएकोमा कार्यालयले सबै बैकमा रहेको लाभग्राहीको निष्क्रिय खातावाट रु.५२४७५२४।५७ फिर्ता गराई संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश गरेको छ । कार्यालयको भनाई अनुसार मृत्यु भैसकेपछि लाभग्राहीले उक्त रकम निकाल्न नसकने र केही समयमा खाता निष्क्रिय हुने हुँदा सोही निष्क्रिय खाताको रकम फिर्ता गरिएको जनाएको छ । तसर्थ उपरोक्त बमोजिम औंल्याइएको व्यक्तिहरुको विवरण निष्क्रिय खाताको विवरण संग भिडान भए नभएको सम्बन्धमा कार्यालयवाट नै एकिन गरी विवरण पेश हुनुपर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र थापा मगर | २०७९-५-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | तारानाथ लुईंटेल | २०७७-१२-२१ | २०७९-५-५ |
| लेखा प्रमुख | धन बहादुर वस्नेत | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२५९,५२५.६७ | ८,३३३,६९२ | ११,६१३,५६९.२ | ० | ० | ५,४८०,८३० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,६८७,६१६.८७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २६,६८७,६१६.८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २११७४५४३६.७५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६२५०६७६८.५६ | **चालु खर्च** | ५१७३९८५५९.३३ |
| **प्रदेश सरकारबाट अनुदान** | ५९८२२२१९.२४ | **पूँजीगत खर्च** | ३५३५२७४००.०५ |
| **राजश्व बाँडफाँट** | १४८४०४२३८.१५ | **वित्तीय/अन्य व्यवस्था** | ०.० |
| **आन्तरिक आय** | ६८९२८०३९.८२ | | |
| **अन्य आय** | २३९५२६९५.७१ | | |
| **कुल आय** | ७६३६१३९६१.४८ | **कुल खर्च** | ८७०९२५९५९.३८ |
| **बाँकी मौज्दात** | | १०४४३३४३८.८५ | |

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १,१६,३४,५२,८७६.७८ | ७५,६३,४२,७२४.२५ | | ७५,६३,४२,७२४.२५ | ८९,३५,३८,९२७.५५ | | ८९,३५,३८,९२७.५५ |
| **क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने)** | | १,१०,२३,०४,३२५.०० | ७३,९६,६१,२६५.७७ | ० | ७३,९६,६१,२६५.७७ | ८६,२२,५७,५०८.५५ | ० | ८६,२२,५७,५०८.५५ |
| ११००० कर | ११ | २२,२०,४१,०००.०० | १७,६८,८०,७००.८८ | ० | १७,६८,८०,७००.८८ | २६,८९,२६,२८०.०४ | ० | २६,८९,२६,२८०.०४ |
| १३००० अनुदान | | ६३,३५,५९,७२५.०० | ५३,२९,७५,७६८.४१ | ० | ५३,२९,७५,७६८.४१ | ५५,५५,४३,४२०.८८ | ० | ५५,५५,४३,४२०.८८ |
| संघीय सरकार | १२ | ५३,७५,५२,७२५.०० | ४६,२५,०६,७६८.५६ | ० | ४६,२५,०६,७६८.५६ | ४७,५८,५८,५२६.८८ | ० | ४७,५८,५८,५२६.८८ |
| प्रदेश सरकार | १२ | ६,८५,०७,०००.०० | ५,९८,२२,२१९.२४ | ० | ५,९८,२२,२१९.२४ | ६,६७,२१,७३६.०० | ० | ६,६७,२१,७३६.०० |
| जनसहभागिता | | २,७५,००,०००.०० | १,०६,४६,७८०.६१ | ० | १,०६,४६,७८०.६१ | १,२९,६३,१५८.०० | ० | १,२९,६३,१५८.०० |
| १४००० अन्य राजस्व | | ३,३१,५०,०००.०० | २,९८,०४,७९६.४८ | ० | २,९८,०४,७९६.४८ | ३,७६,९९,३०७.६३ | ० | ३,७६,९९,३०७.६३ |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | ० | ० | ० | ८८,५००.०० | ० | ८८,५००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | २१,३०,५३,६००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६,११,४८,५५१.७८ | १,६६,८१,४५८.४८ | | १,६६,८१,४५८.४८ | ३,१२,८१,४१९.०० | | ३,१२,८१,४१९.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | १,५२,०००.०० | ० | १,५२,०००.०० | ० | ० | ० |
| कोषहरु | | ६,११,४८,५५१.७८ | ४५,१०,३००.०० | ० | ४५,१०,३००.०० | २,००,००,०००.०० | ० | २,००,००,०००.०० |
| धरौटी | | ० | १,२०,१९,१५८.४८ | ० | १,२०,१९,१५८.४८ | १,१२,८१,४१९.०० | ० | १,१२,८१,४१९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,१६,३४,५२,८७६.७८ | ८७,०९,२५,९५९.३८ | | ८७,०९,२५,९५९.३८ | ८७,३२,८८,१७४.१७ | | ८७,३२,८८,१७४.१७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,१०,२३,०४,३२५.०० | ८३,०९,४५,७८१.८१ | | ८३,०९,४५,७८१.८१ | ८३,१९,७५,०६३.४४ | | ८३,१९,७५,०६३.४४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३२,५८,१४,०००.०० | २९,०१,२४,१४२.७८ | ० | २९,०१,२४,१४२.७८ | २८,७८,६५,८१४.८१ | ० | २८,७८,६५,८१४.८१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २०,८०,२८,०००.०० | १६,९४,२७,९९१.९८ | ० | १६,९४,२७,९९१.९८ | १६,१८,८७,१९८.४० | ० | १६,१८,८७,१९८.४० |
| २४००० ब्याज, सेवा शुल्क तथा | १८ | २०,००,०००.०० | २०,००,०००.०० | ० | २०,००,०००.०० | ५,००,०००.०० | ० | ५,००,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बैंक कमिशन | | | | | | | | |
| २५००० सहायता (Subsidy) | १८ | ५,००,०००.०० | १,९७,०००.०० | ० | १,९७,०००.०० | ८३,०००.०० | ० | ८३,०००.०० |
| २६००० अनुदान | १८ | ७,२०,०००.०० | ५,६९,३००.०० | ० | ५,६९,३००.०० | ६,४५,९७३.२२ | ० | ६,४५,९७३.२२ |
| २७००० सामाजिक सुरक्षा | १८ | ४०,००,०००.०० | ३९,७८,३१२.०० | ० | ३९,७८,३१२.०० | ४०,४८,८४५.०० | ० | ४०,४८,८४५.०० |
| २८००० अन्य खर्च | १८ | २०,८८,०००.०० | १३,८५,६३५.०० | ० | १३,८५,६३५.०० | १४,०६,२७२.०० | ० | १४,०६,२७२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५४,९४,१८,३२५.०० | ३५,३५,२७,४००.०५ | ० | ३५,३५,२७,४००.०५ | ३७,४०,३७,९६०.७६ | ० | ३७,४०,३७,९६०.७६ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | २०,००,०००.०० | ० | २०,००,०००.०० | १४,९९,९९९.२५ | ० | १४,९९,९९९.२५ |
| ३३००० दायित्व | १८ | ९७,३६,०००.०० | ७७,३६,०००.०० | ० | ७७,३६,०००.०० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ६,११,४८,५५१.७८ | ३,९९,८०,१७७.५७ | | ३,९९,८०,१७७.५७ | ८७,३२,८८,१७४.१७ | | ८७,३२,८८,१७४.१७ |
| कोषहरु | | ६,११,४८,५५१.७८ | २,५५,१४,६२७.०३ | ० | २,५५,१४,६२७.०३ | ३,७१,२७,९२९.७३ | ० | ३,७१,२७,९२९.७३ |
| धरौटी | | ० | १,४४,६५,५५०.५४ | ० | १,४४,६५,५५०.५४ | ४१,८५,१८१.०० | ० | ४१,८५,१८१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (११,४५,८३,२३५.१३) | | (११,४५,८३,२३५.१३) | २,०२,५०,७५३.३८ | | २,०२,५०,७५३.३८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २१,१७,४५,४३६.०० | | २१,१७,४५,४३६.०० | १४,०३,९४,०७६.३७ | | १४,०३,९४,०७६.३७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ९,७१,६२,२००.८७ | | ९,७१,६२,२००.८७ | १६,०६,४४,८२९.७५ | | १६,०६,४४,८२९.७५ |
| बैंक तथा नगद बाकी | २४ | | ८,८१,४१,६००.८७ | | ८,८१,४१,६००.८७ | २१,१०,६१,४२६.९८ | | २१,१०,६१,४२६.९८ |